‘मजदुर’
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर
The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

‘मजदुर’ दैनिक पत्रिका
नियमित पढ्ने गरौँ ।
नयाँ ग्राहक बन्न चाहनुहुने महानुभावहरूले
मो.नं. ९८०३६८७३२३ मा
सम्पर्क राखी थप जानकारी
प्राप्त गर्न सकिनेछ ।
मजदुर
The Worker Daily दैनिक

★ वर्ष : २८ ★ अङ्क : २४४ ★ ने. सं. ११४६ ञला थ्व, त्रयोदशी ★ बिहीबार ★ ८ असोज, २०८३ ★ September 24, 2026, Thursday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८



न्यूयोर्कस्थित संयुक्त राष्ट्रसङ्घको महासभा बैठकमा इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतन्याहुले बोल्ने घोषणा हुनासाथ सभामा तनाव देखिएको थियो । नेतन्याहु रोष्ट्रममा आएपछि महासभा बैठकका ८० प्रतिशत भन्दा बढी प्रतिनिधिहरू बहिष्कार गरी सभाहलबाट बाहिरिँदै २३ सेप्टेम्बर २०२६ को दिन । त्यस्तै महासभा बैठकमा सम्बोधनको क्रममा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इस्लामिक गणतन्त्र इरानको अस्तित्व मेटाइदिने धम्की दिएपछि आ-आफ्नो सिटबाट उठेर ट्रम्पको अभिव्यक्तिप्रति विभिन्न देशका प्रतिनिधिहरू असहमति जनाएका थिए । इरान र क्युवाका प्रतिनिधिहरूले भने ट्रम्पको सम्बोधनलाई बहिष्कार गरी सभाहलबाट बाहिरिएका थिए ।

*तस्बिर : द न्यूयोर्क टाइम्स*

# कार्की आयोगको प्रतिवेदनको सार सङ्क्षेप – १२५

भदौ २३ गते प्रहरीले अधिकांश निहत्था युवा प्रदर्शनकारीमाथि अत्यधिक बल प्रयोग गरेको र भदौ २४ गते उपत्यका प्रहरी कार्यालय र देशभरि नै प्रहरी प्रधानकार्यालयबाट हिम्मतसाथ डटेर कार्यालयमा सुरक्षित बसी आक्रमण गर्न आएमा सकभर कम बल प्रयोग गर्दै आवश्यकताअनुसार कानुनबमोजिम निर्धक्क अन्तिम बल प्रयोग गर्ने, परिस्थिति प्रतिकूल भएमा हवाई उद्धारसमेत हुने भनी फिल्डमा खटिएका कार्यरत प्रहरीहरूको मनोबल उच्च राख्ने गरी आदेश निर्देशन दिनुपर्नेमा सो नगरी त्यसको ठीकविपरीत सकभर बल प्रयोग नगर्ने, गर्नै परे पनि अश्रुग्यासबाहेक केही नगर्ने, हातहतियार, सवारी साधन, सञ्चार सेट सुरक्षित गर्ने, थुनुवाको लिस्ट तयार गरी छोडिदिने र सुरक्षित रहने भनी कहिल्यै नसोचेको आएको आदेशले सम्पूर्ण प्रहरीहरूमा डटेर सामना गर्ने भन्ने मनोविज्ञान नै मरेर गएको र अप्ठ्यारो परेमा पनि आदेश किन नमानेको भनी उल्टै गाली खाने र कारबाहीमा समेत पर्न सक्ने हुँदा छिटो-छिटो कसरी हुन्छ प्रहरी कार्यालयहरूबाट सुरक्षित स्थानमा जाने भन्ने तयारीमा छिटपुट केही कमान्डरबाहेक लागेपछि प्रहरी कार्यालयहरू तोडफोड, सरकारी र प्रहरी कर्मचारीहरूको व्यक्तिगत सम्पत्ति र हातहतियार, असवाव, सञ्चार साधन, लुटपाट, आगजनी र राष्ट्रसेवक प्रहरी कर्मचारीमाथि आक्रमण हुन गई (धेरै स्थानहरूमा छोडिएको थुनुवाको प्रत्यक्ष अगुवाइमा) समेत आक्रमण भयो ।

प्रहरीको अनुपस्थितिले प्रदर्शनकारी त्यसमा पनि आपराधिक मनोभावना भएका र बदलाको भावनाले ग्रसित व्यक्तिहरूको मनोबल बढ्यो र देशभरि नै नागरिकले राति १०:०० बजे नेपाली सेना परिचालन नहुञ्जेलसम्म अभिभावकविहीन महसुस गरी असुरक्षित रहेको र आफूमाथि कसैले आक्रमण गर्न आएमा कोही पनि सहयोगमा आउने छैन भनी ठुलो डरत्रासमा बिताए । राज्यविहीन यस्तो अवस्था देशभरिकै नेपाली नागरिकले प्रत्यक्ष महसुस गरेको सायद पहिलो पटक हो । उक्त घटनाले प्रहरी सङ्गठन नागरिक सुरक्षालाई साह्रै महत्त्वपूर्ण सुरक्षा संयन्त्र रहेछ जसको अनुपस्थितिले नागरिक कति सुरक्षा सहाराविहीन हुँदा रहेछन् भन्ने प्रस्ट्याउँछ । यस्तो संवेदनशील विषयमा समेत ध्यान नदिई सुरक्षित हुन प्रहरी स्टेसन अप्रत्यक्षरूपमा खाली गर भन्ने प्रहरी हाकिमका आदेशले माओवादीसँग विनाकसैको सहारा एक्लै ६ वर्ष डटेर मुकाबिला गर्ने प्रहरी सङ्गठनको विश्वसनियतामा समेत प्रश्न उठ्यो । हुन त आदेश आए पनि उपत्यकालगायत देशभित्रका केही प्रहरी स्टेसनले/कार्यालयले, हातहतियार र आफ्नो सुरक्षा गर्न डटेर लडे जुन सर्वत्र प्रशंसा पनि भएको छ ।

प्रहरीबिना हामी असुरक्षित हुने रहेछौँ भनी आम नागरिकहरूले भदौ २४ गते आगजनी, तोडफोड, लुटपाट भएको प्रहरी कार्यालयहरूको स्थानीयकै अग्रसरताले रकम सङ्कलन गरी मर्मत सम्भार, पुन:निर्माण भइसकेको र कतिको अझै पनि भइरहेकोले विषयले प्रहरी र नागरिक सुरक्षाबिच अन्योन्याश्रित सम्बन्ध रहेको प्रस्ट्याउँछ ।

हुन त विषम परिस्थिति, सङ्कटको समयमा असल मनसायले तत्काल निर्णय भएको रणनीति फुर्सदको बेलामा विश्लेषण गरेजस्तो पक्कै हुँदैन । त्यसबेला असल मनसायसहित प्रदर्शनकारीतर्फ र प्रहरीतर्फ पनि क्षति कम होस् भनेर यो निर्णय गरिएको पक्कै होला तर सबै प्रहरीले आ-आफ्ना प्रहरी स्टेसनमा बसेर सामना गरेको भए सायद प्रहरी उच्च पदमा बसेका अधिकृतहरूले सोचेजस्तो क्षति नहुन सक्दथ्यो भन्ने कुरा केही प्रहरी अधिकृतहरूले आफ्नै स्टेसनमा बसी प्रतिकार गरी कार्यालय र हातहतियार, गोलीगट्ठा, असवाव, सञ्चार सेट, सवारी साधनहरूसमेत बचाएको साहसिक कार्यले पनि प्रमाणित गर्छ । सबै प्रहरी स्टेसनहरूले प्रतिकार गरेका भए निश्चय पनि केही स्थानहरूमा हताहतको सङ्ख्या बढी हुन्थ्यो होला तर प्रहरी उच्च मनोबलका साथ प्रतिकार गरिरहन्थ्यो पनि । एक ठाउँको प्रहरी कार्यालयमाथि आक्रमणको खबरलाई चेतावनीको रूपमा लिएर सशक्त ढङ्गले सामना गर्न तयारी गर्नुपर्ने ठाउँमा आदेशले कति छिटो आफ्नो कार्यालय छोड्ने मनस्थितिमा प्रहरी पुगेको देखिन्छ । एक ठाउँपछि अर्को प्रहरी स्टेसन कब्जा गर्दै हातहतियार असवावसमेत लुट्न व्यस्त अपराधीहरूको मनोबल बाटोमा भेटिएका सबै प्रहरीलाई नामोनिशान नराख्ने मनोविज्ञानले हौसला बढ्दै गयो । एक ठाउँको कब्जाको खबर सामाजिक सञ्जालबाट फैलिन गई देशभरिकै धेरै प्रहरी कार्यालयहरूमा आक्रमणसमेत भयो ।

यदि उपत्यकामा प्रहरीले बिहानै डटेर सामना गरेको भए, आक्रमणकारीहरूको मनोबल पनि बढ्ने थिएन । एक ठाउँमा आक्रमण गरी कब्जा गरेपछि प्रदर्शनकारीहरूको मनोबल बढ्दै गई प्रहरीलगायत सरकारी र व्यक्तिगत सम्पत्तिमा समेत लुटपाट, आगजनी गर्न विभिन्न स्थानबाट यस्ता तोडफोड आगजनी गर्दै निश्चित स्थानमा एकीकृत भई ठुला सरकारी भवनहरू, प्रहरी भवनहरू, निजी व्यापारिक प्रतिष्ठान, तारे होटेलहरूमा आगजनी, लुटपाट गर्न सफल भए । यदि प्रहरीले प्रहरी वृत्त

***बाँकी पृष्ठ ८ मा***

# भक्तपुर नगरपालिकाभित्र सञ्चालित स्वास्थ्य संस्थाहरूको वार्षिक समीक्षा




भक्तपुर, ७ असोज । भक्तपुर नगरपालिकाभित्र सञ्चालित स्वास्थ्य संस्थाहरूको आर्थिक वर्ष २०८२/८३ को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा नगरपालिकाअन्तर्गत सञ्चालित विभिन्न स्वास्थ्य संस्थाहरूले वर्षभरि सञ्चालन गरेका गतिविधि तथा हासिल गरेका प्रगति प्रस्तुत गरेका थिए ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्वास्थ्य संस्थाहरूले प्रस्तुत गरेको प्रगति तथा गतिविधिको प्रशंसा गर्दै भक्तपुरलाई स्वास्थ्य सेवाको हबको रूपमा विकास गर्न नगरभित्रका स्वास्थ्य संस्थाहरूले गुणस्तरीय र प्रभावकारी सेवा प्रवाह गर्नुपर्ने बताउनुभयो ।

उहाँले प्राणघातक रोगहरूको उपचारसमेत भक्तपुरमै उपलब्ध हुनु सकारात्मक रहेको उल्लेख गर्दै भक्तपुर क्यान्सर अस्पताल सरकारी स्वामित्वमा आएपछि सर्वसाधारणलाई उपचारमा थप सहज भएको बताउनुभयो । अस्पताललाई अझ व्यवस्थित र प्रभावकारी बनाउन नगरपालिकाले आफ्नो तर्फबाट भूमिका खेलिरहेको उहाँले जानकारी दिनुभयो ।

त्यस्तै, ख्वप अस्पतालले स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गतको सेवा एक दिन पनि नरोकी निरन्तर सञ्चालन गरिरहेको उल्लेख गर्दै विभिन्न कठिनाइका बाबजुद पनि नगरपालिकाले स्वास्थ्य बीमाको सेवामा निरन्तरता दिएको प्रमुख प्रजापतिले बताउनुभयो ।

उहाँले वार्षिक समीक्षा कार्यक्रमले स्वास्थ्य संस्थाहरूले गरेका गतिविधि, उपलब्धि तथा कमजोरीहरूको समीक्षा गरी आगामी दिनमा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन सहयोग पुग्ने बताउनुभयो ।

प्रमुख प्रजापतिले ख्वप अस्पतालको स्थापना कोभिड-१९ महामारीको सङ्कटपूर्ण समयबाट भएको स्मरण गर्दै अस्पतालले छोटो समयमै प्रगतिउन्मुख काम गर्दै आएको बताउनुभयो । नगरवासीलाई गुणस्तरीय र सहज स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यले अस्पतालले आगामी दिनमा अझ राम्रो सेवा प्रदान गर्ने दिशामा काम गरिरहेको उहाँले उल्लेख गर्नुभयो ।

# देशको अवस्थाबारे उब्जेका प्रश्न

- डोल्पा जिल्लाको त्रिपुरासुन्दरी नगरपालिकाले सडक निर्माण ठेक्का ३० लाख ९९ हजार रुपैयाँको सबैभन्दा कम अङ्क कबोल गर्ने कम्पनीलाई नदिई सबैभन्दा बढी १ करोड ४ लाख ६१ हजार रूपैयाँ अङ्क कबोल गर्ने कम्पनीलाई दिएको विरोधमा अख्तियारले सम्बन्धित कर्मचारीहरूलाई कारबाही गरेको सार्वजनिक भयो । यसमा ठेक्का पाउनकै लागि कम अङ्क कबुल गर्ने र काम कमसल गर्ने कम्पनीहरूको मिलेमतो गरिएको विषयमा के सचेत हुन पर्दैन र ? कतिपय ठाउँमा लोग्ने सरकारी कार्यालयका प्रमुख वा कर्मचारी र श्रीमती ठेक्का कम्पनीका सञ्चालक भएर पनि भ्रष्टाचार भइरहेको बताइन्छ । विकास निर्माणमा अनिमियतता नियन्त्रण गर्न कम बजेटलाई स्थानीय जनताका उपभोक्ता समिति र बढी बजेटलाई सरकारी स्वामित्वको निर्माण निकायमार्फत गर्ने बन्दोबस्त जरूरी हुन्छ । यो काम विगतका सरकारले गरेनन् भने यतिबेला रास्वपा सरकारबाट पनि भइरहेको छैन । के गाँसेगुसे एकैनासे यही हो ?
- भिजिट भिसाको नाममा वैदेशिक रोजगारीमा पठाउने ‘मानव तस्करी’ रास्वपा सरकारमा पनि नरोकिएको र यसमा कर्मचारीदेखि बिचौलियासम्मको असुली धन्दा चालू रहेको सार्वजनिक भयो । भिजिट भिसाको नाममा वैदेशिक रोजगारीमा जानेहरूलाई ट्राभल एजेन्सीहरूले दोहोरो हवाई टिकट नै नक्कली बनाई दिएको पनि खुलिरहेको छ । के सरकारका मन्त्रीहरूको संलग्नताबिना यस्तो अनियमितता र ‘मानव तस्करी’ सम्भव होला ?




रसुवाको भोटेकोसी बाढीमा परेर बेपत्ता भएकाहरूको परिवार र आफन्त बुधबार माइतीघरमा प्रदर्शन गर्दै । माथिल्लो त्रिशुली ३ '१' को क्याम्पबाट बेपत्ता भएकाहरूको खोजी गरिदिन, बाढीले बगाउनुअघिको सीसीटीभी फुटेज सार्वजनिक गर्न उनीहरूले माग गरेका छन् । आफ्ना आफन्त खोजिदिन दक्षिण कोरियाली निर्माण कम्पनी डोसानलाई आग्रह गर्दा ज्यान मार्ने धम्की दिएको र बाढी आउनुअघि सावधानी नअपनाएर कम्पनीले लापरबाही गरेको उनीहरूको आरोप छ ।

*तस्बिर : नेपाल प्रेस*

# सुनौलो हजार दिनभित्र बालबालिकाको आँखा परीक्षण गराउन नेत्र विशेषज्ञको सुझाव

चितवन, ७ असोज । समयमा परीक्षण नगर्दा धेरै बालबालिकाहरूको दृष्टि गुम्ने गरेको छ । आठ वर्षभित्र आँखाको समस्या देखिएमा यसको समाधान गर्न सकिने चिकित्सकहरू बताउँछन् ।

भरतपुर आँखा अस्पतालका बाल आँखारोग विशेषज्ञ डा. मनिषा श्रेष्ठ जन्मिएको दुई वर्षभित्रमा आँखा परीक्षण गर्नुपर्नेमा जोड दिनुहुन्छ । दुई वर्षसम्ममा आँखाको विकासक्रम ८० प्रतिशत हुने जनाउँदै उहाँले यही समयभित्र परीक्षण गरे कुनै समस्या भएमा समाधान हुने बताउनुभयो । उहाँले भन्नुभयो, "बालबालिकाहरूको दुई वर्षसम्मको समय आँखाका लागि निकै महत्त्वपूर्ण समय हो ।" यो समयलाई सुनौलो हजार दिन पनि भनिन्छ । यो समयमा नसकेमा आठ वर्ष नकटाउन उहाँले सुझाव दिनुभयो ।

सामान्यतया गर्भधारणदेखि बच्चाको दुई वर्ष उमेरसम्मको समयलाई सुनौलो हजार दिन भनिन्छ । यो समय शिशुको वृद्धि, मस्तिष्क विकास, पोषण र हेरचाहका हिसाबले अति नै महत्त्वपूर्ण मानिन्छ । राम्रो पोषण, मायालु हेरचाह र सुरक्षित वातावरणले दिमागको विकास मजबुत हुन्छ, यसको असर पछि सिकाइ, स्वास्थ्य र समग्र जीवनमा देखिन्छ । यही समयमा आँखा परीक्षणसमेत गर्नुपर्ने श्रेष्ठको सुझाव छ । यही समयमा परीक्षण गर्दा अल्छी आँखा भएमा यो उपचारको माध्यमबाट निको हुने उहाँ बताउनुहुन्छ ।

बालबालिकामा आँखाको ढकनी झर्ने, आँखाको नानीमा फुलो पर्ने, मोतियाबिन्दु हुने, झिमझिम हुने, छड्के आँखाजस्ता समस्या देखापर्ने गर्दछ । ती समस्या शल्यक्रिया र चश्मामार्फत समाधान गर्न सकिने उहाँको भनाइ छ । बालबालिकाले धेरै नजिक गएर हेर्ने, झिमझिम गर्ने, आँखा पुछिरहने, पढाएको नबुझेर साथीसँग सोध्नेजस्ता लक्षण देखिएमा तत्काल परीक्षण गर्न उहाँको सुझाव छ । ३४ हप्ता र त्यसभन्दा अघि जन्मिएमा, बच्चाको तौल दुई किलोभन्दा तल भएका, लामो समय बाल सघन उपचारकक्षमा बसेका बच्चाहरूको तीनदेखि चार हप्तामा आँखाको परीक्षण गर्नुपर्ने उहाँ बताउनुहुन्छ ।

भरतपुर आँखा अस्पतालमा सन् २०२५ मा १९ हजार ३१४ बालबालिकाले आँखा उपचार सेवा लिएका थिए । अस्पताल आउने बिरामीमध्ये ११ प्रतिशत बालबालिका हुन् । यो सङ्ख्या सन् २०२४ मा १९ हजार ९१६ रहेको थियो । सन् २०२१ मा आठ हजार ३१, सन् २०२२ मा १३ हजार ९८९, सन् २०२३ मा १९ हजार ७७६ बालबालिकाले आँखाको परीक्षण गरेका थिए । यसमध्ये ५७ प्रतिशत हाराहारी बालक रहेको तथ्याङ्क छ । तीमध्ये सन् २०२५ मा ११९ जना, सन् २०२४ मा १०४ जना, सन् २०२३ मा १५८ जना, सन् २०२२ मा ९९ जना र सन् २०२१ मा ४८ जना बालबालिकाको आँखाको शल्यक्रिया गरिएको छ ।

उनीहरूको मोतियाबिन्दु र डेढो पनाको शल्यक्रिया गरिएको हो । अस्पतालका अध्यक्ष जयराम श्रेष्ठले चितवन र छिमेकी जिल्लामा रहेका आँखा अस्पताल, उपचार केन्द्र र शिविरमार्फत बालबालिकाको आँखा परीक्षण र उपचार गर्दै आएको बताउनुभयो । अस्पतालले भरतपुरसहित विभिन्न जिल्लाका २५ ठाउँबाट आँखा उपचार सेवा दिँदै आएको छ । विद्यालयहरूमा आँखा शिविरमार्फत बालबालिकाको निःशुल्क आँखा उपचार गरिँदै आइएको छ । अस्पतालले बच्चाबच्चीका लागि मात्रै गत आर्थिक वर्षमा ७० वटा विद्यालयमा निःशुल्क शिविर गरेको थियो । हरेक वर्ष विद्यालयमा शिविरमार्फत विद्यार्थीको आँखा परीक्षण गर्ने गरेको श्रेष्ठ बताउनुहुन्छ ।

आमनागरिकलाई बालबालिकाको आँखा समयमा उपचार गर्न सकेमा आँखामा देखिएको समस्या समाधान गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्न नसक्दा अझै सबै बालबालिकाको आँखा परीक्षण हुन नसकेको उहाँको भनाइ छ । ***रासस***

# भोटेकोसी बाढी : अधुरो आशा र काजकिरियाको दोधारमा छन् बेपत्ताका परिवार

राँझा (बाँके), ७ असोज । भोटेकोसी बाढीमा आफन्त बेपत्ता भएका यहाँका प्रभावित परिवारले आफन्तजनको सास वा लासको टुङ्गो नलाग्दा मृत्यु संस्कार गर्न सकेका छैनन् ।

बाढीमा एकै परिवारका तीन आफन्त गुमाउनुभएका नेपालगन्ज उपमहानगरपालिका-२० थपुवा निवासी अनलाल रोकायले सास वा लास केही फेला नपर्दा आफूहरूले सामाजिक संस्कार गर्न नपाएको बताउनुभयो ।

रसुवा भन्सार कार्यालय टिमुरे क्षेत्रमा कार्यरत ५३ वर्षीय शेरसिंह रोकाय, ५६ वर्षीया विष्णुमती रोकाय र उहाँहरूलाई भेट्न र गोसाइँकुण्ड दर्शन गर्न पुगेका १९ वर्षीय छोरा दीपक बाढीसँगै हराए । बेपत्ता भएको एक महिना पुग्न लाग्दासम्म कुनै जानकारी प्राप्त हुन सकेको छैन । दुःखमाथि दुःख थपिएको अनलालले गुनासो गर्नुभयो ।

अनलालले भन्नुभयो, "हाम्रा मान्छे कतै फर्किहाल्छन् कि भन्ने आशा अब मर्दै गएको छ, न सास पाइयो, न लास : दोधारमै समय बित्यो । डिएनए रिपोर्ट मिल्छ कि भन्ने झिनो आशा थियो त्यो पनि प्राप्त भएको छैन । अब कसरी मृत्यु संस्कार गर्ने होला भनेर दोधारमा छौँ ।"

शव पहिचानका लागि 'डिएनए' परीक्षणको नमुना पठाएपछि दाजु-भाउजू र छोराको शव पहिचान हुने आशा जागे पनि हालसम्म 'रिपोर्ट' नआएको उहाँको भनाइ छ ।

अनलालले नेपालगन्जस्थित भेरी अस्पतालमा डीएनए परीक्षणका लागि नमुना दिनुभएको थियो । डीएनए रिपोर्ट र बेपत्ता व्यक्तिका बारेमा सरकारले आधिकारिक जानकारी दिए आफूहरूलाई मृत्यु संस्कार गर्न सहज हुने उहाँले उल्लेख गर्नुभयो ।

अनलालले भन्नुभयो, "सास वा लास केहीको अत्तोपत्तो छैन, के आधारमा सामाजिक संस्कार गर्ने भन्ने दोधारमा छौँ । हामी डिएनए रिपोर्टको प्रतीक्षामा छौँ, अब सरकारले आधिकारिक रूपमा मृत वा फेला पार्न नसक्ने गरी बेपत्ता भएको घोषणा गरेपछि मात्रै सामाजिक संस्कार गर्ने सोच बनाएका छौँ ।"

बुढेसकालको सहारा मानिएका एक्ला छोरा, जीवनका आधार बनेका दाजु र भाउजू एकैपटक बेपत्ता भएपछि अनलाल रोकाय र श्रीमती कर्णसरी रोकायको गला अझै अवरुद्ध छ । घरमा सन्नाटा र आँसु मात्रै बाँकी छ । सासको आश मारिसके पनि लास समेत फेला नपर्दा साह्रै चिन्ता लागेको अनलालले बताउनुभयो ।

नेपालगन्ज उपमहानगरपालिका-२० थपुवागाउँबाट रोजीरोटीका लागि रसुवा पुगेका आराम दमाई र उजना दमाई पनि सोही बाढीमा परी बेपत्ता हुनुभयो । सोन्ह वर्षीय सुभाष नेपाली, ११ वर्षीय भाइ अश्विन र नौ वर्षीया बहिनी स्मारिका दिनभर टोलाउँदै आमा-बुबा फर्किने बाटो हेरिरहेका छन् । कमाइ गरेर खर्च पठाइदिने आमा बाबु नै गुमाएको पीडा छँदैछ त्यसमाथि शवसमेत फेला पार्न नसक्दा अहिलेसम्म मृत्यु संस्कारको काम हुन नसकेको सुभाषको भनाइ छ ।

नेपालगन्ज-२० का कार्यवाहक वडाध्यक्ष चक्रबहादुर बुढाले बेपत्ता भएका आफन्तको सास वा लास फेला नपर्दा आफन्तलाई मृत्यु संस्कार गर्न द्विविधा भएको बताउनुभयो । उहाँले बेपत्ताको खोजी जारी राख्न र पीडित परिवार, विशेष गरी सहाराविहीन बनेका आराम र उजनाका बालबालिकाको पालनपोषण तथा शिक्षाका लागि आवश्यक समन्वय र सहयोग गर्ने बताउनुभयो ।

भोटेकोसी बाढीपश्चात् बेपत्ता आफन्त खोज्न गएका केहीले चितवन र काठमाडौँस्थित अस्पतालमा र बाँकेमा रहेका १६ जनाको नेपालगन्जस्थित भेरी अस्पतालमा डिएनए परीक्षणका लागि नमुना सङ्कलन गरी केन्द्रीय विधि विज्ञान प्रयोगशालामा पठाइएको जिल्ला प्रहरी कार्यालय बाँकेका सूचना अधिकारी प्रतीत सिंह राठौरले जानकारी दिनुभयो ।

# जनसेवा आधारभूत विद्यालयको ४८ औँ वार्षिकोत्सव सम्पन्न




भक्तपुर, ७ असोज । जनसेवा आधारभूत विद्यालयको ४८ औँ वार्षिकोत्सव, छात्रवृत्ति तथा पुरस्कार वितरण कार्यक्रमको भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले उद्घाटन गर्नुभयो ।

कार्यक्रममा उपप्रमुख जोशीले नगरभित्रको शैक्षिक विकासका लागि नगरपालिका सधैँ प्रतिबद्ध रहेको बताउनुभयो । बालबालिकाको चौतर्फी विकासका लागि किताबी ज्ञानका साथै खेलकुद र अतिरिक्त क्रियाकलाप उत्तिकै महत्त्वपूर्ण हुने उहाँको भनाइ थियो ।

वार्षिकोत्सवको अवसर पारेर विद्यालयमा नवनिर्मित 'प्ले स्टेसन' ( खेल कक्ष) को समेत उद्घाटन गरिएको थियो । कार्यक्रममा साना बालबालिकाहरूको मनोरञ्जन र सिकाइ प्रक्रियालाई थप प्रभावकारी बनाउने उद्देश्यले स्थापना गरिएको उक्त प्ले स्टेसन निर्माणले विद्यालयको भौतिक सुन्दरता थप भएको प्रंशसा उहाँले गर्नुभयो ।

उहाँले भक्तपुर नगरपालिकाले शिशु कक्षादेखि आदर निकेतनसम्मको कार्यलाई उत्तिकै महत्त्व दिएको तथा भक्तपुरलाई 'जीवन्त नगर र बाजाको नगर' को रूपमा अघि बढाउँदै लगेको बताउनुभयो ।

कार्यक्रममा भनपा वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले पूर्व बाल विकास तहको शिक्षालाई विशेष प्राथमिकता दिँदै क्षमतावान् शिक्षकले क्षमतावान् विद्यार्थी तयार गर्न सकिन्छ भन्नुभयो । उहाँले अभिभावक, शिक्षक, विद्यार्थी र विद्यालयको भौतिक सक्षमताले गुणस्तरीय शिक्षामा महत्त्वपूर्ण भूमिका खेल्ने पनि उहाँले औँल्याउनुभयो ।

विद्यालयका प्रधानाध्यापक कृष्णप्यारी दुवालले विद्यालयको वार्षिक प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । उहाँले विद्यालयको शैक्षिक गुणस्तर सुधार, भौतिक पूर्वाधारको विकास र आगामी दिनमा चालिने कदमहरूबारे विस्तृत जानकारी दिनुका साथै विद्यालयको समग्र स्तर उन्नतिको लागि सहयोग गर्न अपिल गर्नुभयो ।

यस्तै, आधारभूत विद्यालय समितिका अध्यक्ष कृष्णगोपाल कर्माचार्य, बुद्धिजीवी राजेन्द्र श्रेष्ठ, समाजसेवी पशुपति प्रजापतिले विद्यालयको स्तरोन्नति र विद्यार्थीहरूको उज्ज्वल भविष्यको कामना गर्दै आ-आफ्नो शुभकामना मन्तव्य राख्नुभएको थियो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष एवम् कार्यक्रमका सभापति राजाराम सुवालले भन्नुभयो, "विद्यार्थीको भविष्यमा देशको भविष्य लुकेको हुन्छ । नियमित विद्यालय पठाएमा बालबालिकाको शैक्षिक प्रगति हुन्छ, अभिभावक बालबालिकाको शिक्षाप्रति सचेत र सजग हुनुपर्छ ।"

कार्यक्रममा कृष्णदेवी छात्रवृत्ति प्रज्वल सुवेदी र मेलिना राईलाई वितरण गारिएको थियो । कार्यक्रममा नृत्य विधामा उत्कृष्ट भएका छात्रातर्फ प्रनिशा तामाङ र छात्रतर्फ सोमेल ग्यावालाई नृत्य पदक २०८३ प्रदान गरिएको थियो । विविध खेलकुद र अतिरिक्त क्रियाकलापको समेत पुरस्कार वितरण गरिएको थियो ।

औपचारिक कार्यक्रमको समापनपछि विद्यार्थीहरूले विभिन्न लोकझाँकी, नृत्य र गीतसहितको सांस्कृतिक कार्यक्रम प्रस्तुत गरेका थिए ।

# वाचुत्वमा बृहत् महिला भेला

भक्तपुर, ७ असोज । भनपा ७ वडा वाचुत्व खँचा छोरी समूहको आयोजनामा चौथो वार्षिक कार्यक्रम तथा भक्तपुर काण्डको भर्त्सना कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा समूहका सल्लाहकार नारायणबहादुर दुवालले नेमकिपाको बढ्दो लोकप्रियता देखेर तत्कालीन जनविरोधी पञ्चायती व्यवस्थाले २०४५ साल भदौ ९ गते राज्यस्तरको षड्यन्त्र रचेर अध्यक्ष रोहितलगायत ६७ जना नेता कार्यकतालाई जन्मकैद र सर्वस्वहरणको मुद्दा राखी सोझा सिधा भक्तपुरवासीलाई अनेक किसिमको दुःख दिई पार्टीलाई समाप्त पार्ने दुष्प्रयास गरेको बताउनुभयो । उहाँले पुँजीवादी सरकारले भक्तपुर काण्डजस्तै फेरि अरु षड्यन्त्र गर्न सक्छ, त्यसैले जनता सतर्क र सचेत हुनुपर्छ भन्नुभयो ।

नेक्रामहिलासङ्घ नगर समितिका अध्यक्ष रामेश्वरी कोजुले भक्तपुर काण्डमा नेमकिपाका नेता कार्यकता तथा युवाहरूलाई जेलमा लगी यातना दिएको, भूमिगत बस्न बाध्य भएको भक्तपुरमा त्रासको वातावरण र नाकाबन्दीजस्तो भएको बताउनुभयो ।

स्थानीय बद्रीराम छुस्याबागले २०४५ सालमा हामीले भूकम्पको क्षति मात्र होइन त्योभन्दा ठुलो क्षति भक्तपुर काण्डबाट भोगेको र आर्थिक, सामाजिक, भौतिक क्षति व्यहोर्नु परेको बताउनुभयो ।

उहाँले, काम गरी खाने जनताको पक्षमा उभिएको नेपालभाषा साहित्य तःमुंज्या भव्य र सभ्य रूपमा सफल गर्न सबैले आर्थिक, भौतिक र नैतिक सहयोग गर्न अपिल गर्नुभयो ।

# विज्ञापन बोर्डको अध्यक्षमा सन्तोष श्रेष्ठ नियुक्त

काठमाडौँ, ७ असोज । सरकारले विज्ञापन बोर्डको अध्यक्षमा सन्तोष श्रेष्ठलाई नियुक्त गरेको छ ।

मन्त्रिपरिषद्को यही असोज २ गतेको निर्णयअनुसार काठमाडौँ महानगरपालिका-१४ निवासी श्रेष्ठलाई बढीमा चार वर्षका लागि बोर्डको अध्यक्ष नियुक्त गरिएको हो । नवनियुक्त अध्यक्ष श्रेष्ठले बुधबार सूचना तथा सञ्चारमन्त्री डा. विक्रम तिमिल्सिनासमक्ष पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

सञ्चारमन्त्री डा. तिमिल्सिनाले बोर्डको आवश्यकता, औचित्य र स्वीकार्यता थप स्थापित गर्नेगरी कार्ययोजना बनाएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले विज्ञापन बोर्डको वर्तमान अवस्था, समस्या, अवसर र सम्भावनाको गम्भीर समीक्षा गरी सुधारका स्पष्ट योजनासहित काम गर्नुपर्ने बताउनुभयो ।

नवनियुक्त अध्यक्ष श्रेष्ठले विज्ञापनसँग सम्बन्धित नीति, ऐन तथा कानुनको प्रभावकारी कार्यान्वयनलाई प्राथमिकतामा राखेर काम गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले सुशासन र नागरिकलाई सहज सेवा प्रवाहलाई केन्द्रमा राख्दै विज्ञापन क्षेत्र सुधारका लागि नयाँ कार्ययोजना बनाएर अघि बढ्ने बताउनुभयो । नवनियुक्त अध्यक्ष श्रेष्ठले विज्ञापन क्षेत्रको नियमन, व्यवस्थापन र सञ्चालनलाई प्रभावकारी बनाउन सक्रियतापूर्वक काम गर्ने प्रतिबद्धता पनि व्यक्त गर्नुभयो ।

नेपाल विज्ञापन सङ्घका पूर्वअध्यक्षसमेत रहनुभएका श्रेष्ठसँग विज्ञापन तथा सञ्चारक्षेत्रमा लामो अनुभव छ । **रासस**

# 'थ्रिफेज' को विद्युत् सेवा नहुँदा कुटानी–पिसानीमा समस्या

रसुवा, ७ असोज । 'थ्रिफेज' क्षमताको विद्युत् सेवाको अभावमा रसुवाको दक्षिणी भेगको जनजीवन प्रभावित भएको छ ।

भदौ १० गतेको बाढीपछि जिल्लाको विद्युत् संरचना ध्वस्त भएपछि तत्कालका लागि व्यवस्था गरिएको विद्युत्को क्षमता कमी भएसँगै स्थानीय जनता प्रभावित भएका हुन् ।

अहिले आपूर्ति भएको विद्युतबाट घरमा बत्तीमात्र बाल्न मिल्ने तर कुटानी-पिसानी मिल नचल्ने भएको र गाउँघरमा प्रयोग हुने ढिकी, जाँतोजस्ता परम्परागत सामग्रीको प्रयोग हुन छाडेको अवस्थामा विशेषगरी कृषि पेसामा संलग्न स्थानीयलाई समस्या परेको उत्तरगया गाउँपालिका-५ का पूर्ववडाध्यक्ष ईश्वर थापाले बताउनुभयो ।

उहाँका अनुसार आफ्नै घरमा धान, मकै भए पनि त्यसलाई कुटेर चामल बनाउन नसक्दा जिल्लाको दक्षिणी भेगका ग्रामीण बासिन्दा भोकै बस्नुपर्ने अवस्था सिर्जना भएको छ । पूर्वअध्यक्ष थापाले भन्नुभयो, "बाढीप्रभावित जनतालाई प्राथमिकता दिँदै आएको वर्तमान सरकारबाट यथासक्य छिटो 'थ्रिफेज' को विद्युत् व्यवस्था हुने विश्वास लिएका छौँ । स्थानीय मिल सञ्चालन भइदिए आफ्नै उत्पादनबाट भातभान्सा गर्नसकिन्थ्यो । सडक-पुल बगेसँगै अन्यत्र जान सकिने अवस्था छैन, मिल चल्नेगरी विद्युत् व्यवस्था भइदिए हुन्थ्यो ।"

भदौ १० गतेको बाढीले रसुवाका जलविद्युत् तथा विद्युत् संरचनामा क्षति पुऱ्याएपछि नेपाल विद्युत् प्राधिकरणले तत्कालका लागि वैकल्पिक व्यवस्थामार्फत जिल्लामा विद्युत् आपूर्ति गरेको थियो । आपत्कालीन व्यवस्थाअन्तर्गत सामान्य बत्ति बाल्ने र मोबाइल चार्ज गर्नेसम्मको सेवा सञ्चालन गर्न काठमाडौँको बालाजुदेखि छहरे, चोगदे, कुवापानी हुँदै रसुवासम्म विद्युत् आपूर्ति गरिएको थियो ।

यसै सन्दर्भमा नेपाल विद्युत् प्राधिकरणले आपत्कालीन व्यवस्थालाई क्रमश: सुधार गर्दै नियमित विद्युत् सेवा सञ्चालन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ । विद्युत् प्राधिकरण धुन्चे शाखाका प्रमुख गुन्जमान लामाले थ्रिफेजको लाइन जडान गरिएको भए पनि 'पावर' कमी यथार्थलाई दृष्टिगत गरी साङ्जेनतर्फको लाइन तानेर विद्युत्को क्षमता बढाउने काम भइरहेको बताउनुभयो । बिहान-बेलुका स्वभाविक रूपमा विद्युतभार बढी हुने भएकाले दिउँसोको समयमा मात्र कुट्ने-पिस्ने काम गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गर्दै उहाँले बाढीप्रभावितलाई राहत उपलब्ध गराउन सक्दो प्रयास भइरहेको स्पष्ट गर्नुभयो ।

स्थानीयवासीका अनुसार राहत सामग्रीसँगै विद्युत् सेवा नियमित र पर्याप्त बनाउन सके प्रभावित परिवारको दैनिकी सहज हुनेछ । विशेषगरी थ्रिफेज विद्युत् सञ्चालनमा आए धान कुट्ने, पिठो पिस्ने तथा अन्य कुटानीपिसानीका काम स्थानीयस्तरमै गर्न सकिने भएकाले घरबार गुमाएकाबाहेकका परिवारको परनिर्भरता क्रमश: घट्ने अपेक्षा गरिएको छ । **रासस**

# बाढीबाट बच्न पूर्वसतर्कता अपनाउन अपिल

महोत्तरी, ७ असोज । जिल्ला प्रशासन कार्यालय महोत्तरीले पूर्वसचेतताका लागि सार्वजनिक अपिल गरेको छ ।

मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखा, महोत्तरीले यही असोज ९ गते शुक्रबारदेखि तीन दिन मधेसलगायत मुलुकका विभिन्न भेगमा हावाहुरीसँगै मेघगर्जन हुने, चट्याङ पर्ने र भारी वर्षा हुने अनुमान प्रक्षेपण गरेसँगै प्रशासनले सर्वसाधारणलाई सुरक्षित रहन सार्वजनिक अपिल गरेको हो ।

पूर्वसचेतनाका लागि स्थानीय तह, रेडक्रससहितका सामाजिक सङ्घ संस्था, प्रहरी र आमनागरिक समाज सचेत रहे क्षति हुनबाट जोगिन सकिने हुँदा यो अपिल जारी गरिएको प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले बताउनुभयो ।

"जिल्लामा विपद्का बेला जनधनको क्षति भएको हामीसँग विगत अनुभव छ, त्यसबाट शिक्षा लिँदै अब सचेत रहन आवश्यक छ," प्रजिअ यादवले सञ्चारकर्मीसँगको कुराकानीमा आज भन्नुभयो । जिल्लामा रातु, मडहा, बाँके, जङ्घा, बिग्ही र कुटमेश्वरीसहितका नदीको बाढी बस्तीमा पसेर डुबान गरेका घटना छन् । **रासस**



भोटेकोसी बाढीपश्चात् अवरुद्ध बनेको नुवाकोटको विदुर नगरपालिका-१० स्थित आगिंटारबाट बेत्रावतीसम्मको सडक पहुँच खुलाउन तीव्रगतिमा काम हुँदै । गल्छी-रसुवागढी सडक योजनाको कार्यालयको नेतृत्वमा नेपाली सेना, सडक विभागसहितको निकायबाट आवश्यक प्राविधिक सहयोगमार्फत दुई तर्फबाट करिब एक दर्जन हेभी उपकरण प्रयोग गरेर सडक खुलाउने प्रयास भइरहेको छ । *तस्बिर: रामहरि न्यौपाने/रासस*

# भारी वर्षाको पूर्वानुमानसँगै कैलालीमा उच्च सतर्कता

सुदूरपश्चिम, ७ असोज । यही असोज ९ देखि ११ गतेसम्म सुदूरपश्चिमसहित यहाँका विभिन्न क्षेत्रमा भारी वर्षाको पूर्वानुमानअनुसार कैलालीमा बाढी, पहिरो, नदी कटान र डुबानबाट हुनसक्ने क्षति न्यूनीकरणका लागि उच्च सतर्कता अपनाउने निर्णय गरिएको छ ।

जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको आजको बैठकले नेपाल मौसम विज्ञान विभागले उक्त अवधिमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित भारी वर्षाको सम्भावना रहेको जनाएपछि त्यसअनुसार जिल्लामा सतर्कता अपनाउने निर्णय गरेको हो ।

बैठकले स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित निकाय सबै मिलेर आ-आफ्नो क्षेत्रअनुसार पूर्वतयारी र प्रतिकार्यका लागि तयारी अवस्थामा रहने निर्णय गरिएको समितिका संयोजक एवं प्रमुख जिल्ला अधिकारी हीरालाल रेग्मीले जानकारी दिनुभयो ।

मौसम पूर्वानुमान, पूर्वसूचना तथा चेतावनीसम्बन्धी जानकारी प्राप्त हुनासाथ सबै स्थानीय तह, सुरक्षा निकाय र जिल्लावासीलाई तत्काल जानकारी गराउने व्यवस्था मिलाउने निर्णय गरिएको उहाँले बताउनुभयो ।

विशेषगरी कर्णालीको बेनिघाट जलस्तर मापन केन्द्र, मोहनालगायत प्रमुख नदी तथा खोलाको जलसतह नियमित अद्यावधिक गरी नदी किनार तथा जोखिमयुक्त बस्तीमा समयमै सूचना प्रवाह गर्ने निर्णयसमेत गरिएको छ ।

जलसतह बढेको अवस्थामा सुरक्षा निकाय, स्थानीय तह र सञ्चारमाध्यममार्फत प्रभावकारी सूचना प्रवाह गरिने र त्यसका लागि आवश्यक तयारी गर्न स्थानीय तहलाई पनि थप सक्रिय हुन आग्रह गरिएको प्रमुख जिल्ला अधिकारी रेग्मीले जानकारी दिनुभयो ।

यस्तै, सम्भावित बाढी तथा पहिरोका कारण सडक अवरुद्ध हुनसक्ने अवस्थालाई ध्यानमा राखी सडक डिभिजन, हेभी इक्विपमेन्ट कार्यालय, स्थानीय तह र ट्राफिक प्रहरी कार्यालयलाई डोजर, स्काभेटर, लोडरलगायत उपकरण तयारी अवस्थामा राख्न निर्देशन दिने निर्णय गरिएको उहाँले बताउनुभयो ।

बाढी, पहिरो तथा डुबानबाट प्रभावित हुने सम्भावित अवस्थाको आकलन गरी उद्धारका लागि सुरक्षा निकायलाई आवश्यक सामग्री तयारी अवस्थामा राख्न तथा रबर बोट, मोटरबोटलगायत उद्धार सामग्री आवश्यक परेको अवस्थामा तत्काल परिचालन गर्न बैठकले निर्देशन दिएको छ ।

यस्तै, भारी वर्षाबाट हुनसक्ने क्षतिको पूर्वानुमान गरी राहत तथा उद्धारलाई प्रभावकारी बनाउन सरकारी तथा गैरसरकारी निकायले मनसुन प्रतिकार्य योजना, २०८३ अनुसार आफ्नो जिम्मेवारी निर्वाह गर्नुपर्नेमा बैठकले जोड दिएको छ ।

कर्णाली नदीको कटानबाट जोखिममा रहेका टीकापुर नगरपालिका-५ लगायतका स्थानमा तत्काल अस्थायी रोकथामको व्यवस्था मिलाउने निर्णयसमेत गरिएको छ । त्यसका लागि टीकापुर नगरपालिका र सुरक्षा निकायबिच समन्वय गर्ने तथा जोखिमयुक्त क्षेत्रमा जैविक तटबन्धका लागि स्थानीय तह र सुरक्षा निकायले आवश्यक समन्वय गर्ने निर्णय गरिएको छ ।

बैठकले विपद् व्यवस्थापन, स्थानीय तहको विपद् प्रतिकार्य योजना निर्माण, विपद्का समयमा सूचना व्यवस्थापन तथा जिल्लाका स्थानीय तहसँग समन्वयलाई प्रभावकारी बनाउन जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र (डिइओसी) को भूमिका थप सक्रिय बनाउने निर्णयसमेत गरेको छ ।

त्यस्तै, विपद् प्रतिकार्यका लागि प्रत्येक स्थानीय तहले नेपाल रेडक्रस सोसाइटी कैलालीलाई रु. एक लाख उपलब्ध गराउने पूर्वनिर्णय कार्यान्वयन गर्न बाँकी स्थानीय तहलाई आग्रह गरिएको छ । रसुवा बाढीबाट कैलालीका बेपत्ता तथा मृतकका पीडित परिवारलाई पनि स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा रेडक्रस तथा सहयोगी संस्था र व्यक्तिमार्फत राहत सामग्री वितरण गर्ने निर्णय गरिएको छ ।

प्रमुख जिल्ला अधिकारी रेग्मीको अध्यक्षतामा भएको उक्त बैठकमा धनगढी उपमहानगरपालिका, गोदावरी, गौरीगङ्गा, घोडाघोडी, लम्कीचुहा, टीकापुर, भजनी नगरपालिका तथा कैलारी, बर्दगोरिया, जोशीपुर, जानकी, चुरे र मोहन्याल गाउँपालिकाका प्रमुख तथा प्रतिनिधि, नेपाली सेना देवीदल गण, जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रतिनिधिलगायतको सहभागिता थियो । **रासस**

# रैथाने बाली सङ्कटमा

पाल्पा, ७ असोज । माथागढी गाउँपालिका ओलेसका किसानले उब्जाउ गर्नै गरेको स्थानीय दानाको कालो भट्ट कुनै समय खाद्यान्न मात्रै थिएन, घरखर्च चलाउने बलियो आधार थियो ।

मकैसँगै बारीमा भट्ट लगाउने, उत्पादन बेच्ने र त्यसबाट आएको आम्दानीले वर्ष दिनका लागि चामलको जोहो गर्ने यहाँको पुरानो चलन हो ।

यस क्षेत्रका ६० भन्दा बढी घरपरिवारले बर्सेनि बीउ जोगाउथे, अर्को वर्ष त्यही बीउ बारीमा लगाउथे । तर, अहिले पुस्तौँदेखि गाउँमै जोगिँदै आएको स्थानीय जातको कालो भट्टको बीउ पाउनै मुस्किल परेको छ ।

बाजेका पालादेखि गाउँमै सुरक्षित राखिँदै आएको भट्टको बीउ अहिले पाउनै मुस्किल पर्ने गरेको स्थानीय किसान वीरबहादुर सारुले बताउनुभयो । सारु भन्नुहुन्छ, "मकैसँगै भट्ट लगाउने चलन हाम्रा बाजेका पालादेखि चलिआएको थियो । तर, एक्कासि किराको प्रकोप भयो । बोटमा दाना नै लागेन । स्थानीय पहिचान बनेको सानो दानाको कालो भट्टको बीउ गाउँबाटै हरायो ।"

उहाँका अनुसार चार वर्षयता किसानले बजारबाट ल्याइने उन्नत जातको बीउमा निर्भर हुन थालेका छन् । "स्थानीय जातको नाममा यही मात्र बाँकी थियो, अब त्यो पनि हरायो," उहाँ भन्नुहुन्छ ।

गोठादीका पुराना कृषक प्रतीक थापाको सम्झनामा खेतका आलीमा लगाइने मास अझै ताजा छ । खेतको आलीमा मास लगाउने, उत्पादन बिक्री गर्ने र त्यही आम्दानीबाट जाडोका लागि लत्ताकपडा किन्ने गरेको उहाँ सम्झनुहुन्छ ।

करिब पाँच वर्षअघि मासको दानामा किराको प्रकोप देखियो । बिस्तारै बाली हराउँदै गयो । यसपटक त बीउ नै नभएपछि मास लगाउन नपाएको उहाँ बताउनुहुन्छ ।

निस्दीको मित्यालकी माया सुनारीको अनुभव पनि उस्तै छ । मकै लगाउने समयमा मकैसँगै सिमी लगाउने र पछि आम्दानीको स्रोत बनाउने गर्नुभएकी सुनारीलाई गत वर्ष सिमीमा लागेको किराले ठूलो क्षति पुऱ्यायो ।

किराले सिमीका बोट नै सखाप पारेपछि यस वर्षका लागि बीउसमेत जोगिएन । उहाँ भन्नुहुन्छ, "मेरो मात्र होइन, गाउँका सबैका बारीमा सिमीमा किराले नोक्सान गऱ्यो । बाली जोगाउन सकिएन, बीउ पनि रहेन । अहिले रैथाने सिमीको बीउ नै गाउँमा छैन ।"

कुनै समय गाउँका अधिकांश किसानका बारीमा देखिने बोडी, सिमी, भट्ट, मास र झिल्ङ्गीजस्ता बीउ अहिले हराउँदै गएको छ । बालीसँगै बीउ हराएपछि किसान बाहिरबाट आउने बीउमा निर्भर हुन थालेका छन् । कृषि ज्ञान केन्द्रकी प्रमुख अमिता पाण्डेका अनुसार पछिल्ला वर्षमा बढ्दो तापक्रमसँगै दलहन बालीमा किराको प्रकोप बढिरहेको छ ।

पाण्डे भन्नुहुन्छ, "जलवायु परिवर्तनका कारण रैथाने बालीमा असर परेको छ । रैथाने बालीमा रोग तथा किराको प्रतिरोधात्मक क्षमता कम हुने भएकाले बदलिँदो वातावरणमा थप जोखिम देखिएको छ ।" **रासस**

। सम्पादकीय ।

# पुरानै बन्दोबस्तमा रास्वपाको नयाँ दाबी !

जनताबाट निर्वाचित सरकारले ६० वर्ष नाघेका मजदुर र किसानलाई निवृत्तिभरणको व्यवस्था गर्न सक्नुपर्थ्यो । नेका, एमाले र तत्कालीन माओवादीको सरकारले यो काम गर्न सकेनन् । अहिले रास्वपाको सरकार पनि उही पुरानै बाटोमा हिँड्दै छ । यसकारण, आजसम्मका कुनै पनि सरकार जनताप्रति जवाफदेही नभएको स्पष्ट हुन्छ ।

यतिखेर २० वर्षदेखि निवृत्तिभरण पाउने र ३० वर्षभन्दा बढी सरकारी जागीर गरेकाहरूको लागि पनि ३० वर्षसम्मको मात्र निवृत्तिभरण गणना हुने भएपछि सचिव ३, सहसचिव २५, उपसचिव ४५, शाखा अधिकृत ११०, नासु र खरिदार १५९ र श्रेणीविहीन १४६ सरकारी जागिरदारले राजीनामा दिएको सार्वजनिक भयो । यसले आजसम्मका सरकारहरूले ती सरकारी जागिरदारहरूमा देश र जनताको लागि अलिकति पनि थप सेवा गर्ने भावना विकास नगरेको पुष्टि गर्छ । यसको दोषी सरकारमा पुगेका सबै शासक दलहरू हुन् । सरकारहरूले सरकारी जागिरदारहरूलाई स्वयम्सेवी र श्रमदान गर्ने भावना विकास नगराएको हुँदा सरकारी जागिरदार पनि पुँजीपतिवर्गको रूपमा विकासमा सीमित भयो र आफ्नो थातथलो छाडेर उनीहरू सहर बसाइँसराइमा आए ।

उदयपुर र भोजपुर जोड्ने सुनकोसी नदीमाथि बनाइएको पक्की पुल एक दशकमा पनि सम्पन्न हुन नसकेको वा नबनेको सार्वजनिक भयो । के यो स्थिति आउनुमा सरकारी जागिरदारहरू दोषी छैनन् ? सरकारी जागिरदारको लागि सिंहदरबारभित्र मात्र शिशु स्याहार केन्द्र हुनु कसको दोष ? के यसमा सरकारी जागिरदारहरू देशको सबै पालिकाका वडा र टोल-टोलमा शिशुस्याहार केन्द्र बन्दोबस्त गराउन लागिपर्नु पर्दैनन् ? के सरकारको कार्यक्षेत्र सिंहदरबारको पर्खालभित्र मात्र हो ? के नातावाद, पक्षपात, भ्रष्टाचार सिंहदरबारभित्रबाटै सुरु भएको पुष्टि भएको हो ? के सरकारी जागिरदारका छोराछोरी शिशु स्याहारमा राख्न सिंहदरबारमा सरूवा हुनुपर्ने हो ? के यो सम्भव हो ?

रास्वपा सरकारले पनि आफ्ना नजिकका सरकारी जागिरदारलाई काठमाडौँ उपत्यका र सिंहदरबारमा थुपार्ने काम चालू राखेको सार्वजनिक भइरहेको छ । यसअघि रास्वपाबाट शिक्षामन्त्री भएकी सुमना श्रेष्ठलाई शिक्षक सरूवासम्बन्धी नियमावली संशोधन गर्न लगाई जिल्ला-जिल्लाबाट अधिकांश शिक्षक काठमाडौँ उपत्यकामा सरूवा भइसकेको जनगुनासो बढ्दो छ । जिल्लाका शिक्षकहरू सुरुमा जानाजान विद्यार्थीको अध्यापनमा बेवास्ता गर्ने, विद्यार्थीको शैक्षिक गुणस्तर माथि नउठाउने, त्यसपछि अभिवभावक र विद्यार्थीलाई सहर र काठमाडौँ उपत्यकातिरका विद्यालय र कलेजमा अध्ययनमा पठाउने र अन्तमा आफू पनि सहरतिर सरूवा हुने काम गरिरहेको पीडित जनताको गुनासो छ । सरकारले जिल्लाका युवाहरूलाई वैदेशिक रोजगारीमा खेदेको कारण पनि ती ठाउँका अधिकांश विद्यालय र कलेजमा विद्यार्थी सुक्दै आएको भुक्तभोगीहरू बताउँछन् ।

सरकारी जागिरदारको लागि तलब खुवाउन पनि विदेशीसँग ऋण लिनुपर्ने अवस्था आएको धेरै वर्ष भयो । रास्वपा सरकारले दुई महिनायता ६१ अर्ब ऋण उठाएकोमध्ये सात अर्बमात्र पुँजीगत खर्च भएको र हाल तिर्न बाँकी सरकारको कुल ऋण २९ खर्ब ७३ अर्ब ९२ लाख पुगेको सार्वजनिक भयो । सरकारहरूले देशको अधिकांश स्रोत साधन कब्जा गरेकाहरूसँग सोहीबमोजिम बढी कर उठाउनुपर्थ्यो तर उठाएनन् । के यसबेला रास्वपा सरकार पनि उही पुरानै सरकारको बाटोमा हिँडेको पुष्टि हुँदैन र ? कतिपय नेपाली जनता चुनावमा नयाँ पार्टीको पछि लागेको सीसीमात्रै नयाँ रक्सी पुरानो नै भएको पुस्ट्याइँ होइन र ?

# एआई विकास रोक्ने अमेरिकी आह्वान र चिनियाँ प्रतिवाद

✍ रेबेका बेली

करिब दुई वर्षअघि, चिनियाँ उद्यमी बोरिस बटले उनको कम्पनीले एआईलाई नअपनाएमा यो प्रविधिले नै उनको व्यवसायलाई विस्थापित गर्न सक्ने महसुस गरे । शिक्षा क्षेत्रमा सक्रिय बटका ग्राहक प्रायः आफ्ना छोराछोरीलाई विदेश पढाउन चाहने सम्पन्न अभिभावक हुन् । तिनले आफ्ना छोराछोरी पढाउने संस्थाको जानकारी कार्यालय धाएर नभई 'च्याटबोट' बाट लिन थालेका थिए । त्यसैले बटको संस्थाले पनि आफ्नै एआई अध्ययन औजार विकास गऱ्यो । अहिले उनी आफ्नो निष्कर्ष सुनाउँदै भन्छन्, "तपाईँ नयाँ प्रविधिलाई हराउन सक्नुहुन्न भने, त्यसमा सामेल हुनुपर्छ ।"

चीन अहिले विश्वमा एआई विकासको गति र गुणस्तरका हिसाबले अमेरिकापछि दोस्रो स्थानमा छ । नयाँ नयाँ मोडेलको क्षमताको विकाससँगै विश्वका यी दुई महाशक्ति राष्ट्रबिच प्रतिस्पर्धा तीव्र बनेको छ । विश्लेषकहरू अहिलेसम्म अमेरिकी एआई मोडेल चिनियाँ मोडेलभन्दा केही अगाडि रहेको मान्छन् । तर, पछिल्ला केही साता अमेरिकी प्रविधि केन्द्र 'सिलिकन भ्याली' को माहोल फरक देखियो ।

एआई अनुसन्धानमा संलग्न केही अनुसन्धानकर्ताले सबैभन्दा उन्नत एआईमाथिको मानव 'नियन्त्रण' गुम्न सक्ने र त्यसले ठुलो विपत्ति निम्त्याउन सक्ने चेतावनी दिएपछि एआईको थप विकास रोक्नुपर्ने माग उठ्न थाल्यो । बहसबिच गत शनिबार सबैभन्दा ठुलो एआई कम्पनी 'एन्थ्रोपिक' का प्रमुख कार्यकारी (सीइओ) डारियो अमोडेईले एक आलेख लेख्दै 'अत्याधुनिक एआई विकासको गतिलाई विश्वभर रोक्नुपर्ने' प्रस्ताव अघि सारे । त्यसका लागि अमोडेईले 'चीनसँगको सहकार्य आवश्यक पर्ने' मा जोड दिए ।

एआई विकासको गति सुस्त बनाउने आह्वानलाई पेइचिङले अमेरिकी अग्रतालाई सुरक्षित राख्ने प्रयासका रूपमा हेरेको छ ।

प्रविधि अनुसन्धान समूह 'ओम्डिया' का लियान जी सुले भने अमेरिकी कम्पनीहरूको सर्तमा एआई विकासको गति सुस्त बनाउने कुराप्रति 'चीन सकारात्मक नभएको' बताए । चीन सरकारले एआईलाई 'सार्वभौमिकतासँग जोडिएको क्षमता' मानेको छ । त्यसमाथि पेइचिङ पछिल्लो समय आफूले अमेरिकी अत्याधुनिक मोडेलसँग घटाइरहेको दूरीलाई जोखिममा पार्न चाहँदैन । 'चीनले एआई विकास सुस्त बनाउने यी आह्वानलाई अमेरिकी अग्रतालाई सुरक्षित राख्ने प्रयासका रूपमा हेरेको छ,' सुले भने ।

एन्थ्रोपिकका सीईओ अमोडेईले गरेको आह्वानले पनि चीनलाई सशङ्कित बनाएको छ । त्यसमा उनले 'तानाशाही शासन भएका मुलुकमाथि लोकतान्त्रिक मुलुकको एआई अग्रता सकेसम्म फराकिलो राख्नु' महत्त्वपूर्ण भएको बताएका छन् । तानाशाही शासन भएको मुलुक भनेर उनको सङ्केत चीनतर्फ थियो । उनले त्यही आलेखमा चीनतर्फ उन्नत चिप र मेसिनरी निर्यातमा निरन्तर नियन्त्रणजस्ता उपायको वकालत गरेका छन् । अमोडेईको आलेख छापिएपछि यसबारे सोधिएका प्रश्नमा चिनियाँ विदेश मन्त्रालयले एआईबारे अनावश्यक 'डर फैलाउने काम भएको र यस्तो टकराव र हानिकारक प्रतिस्पर्धाले विश्वव्यापी एआई शासनको प्रक्रियालाई अवरुद्ध मात्र पार्ने' प्रतिक्रिया दियो ।

तथापि, अमोडेईको आलेखले उठाएका व्यापक चिन्ता सबैलाई चीनले अस्वीकार नगरेको विश्लेषकको ठम्याइ छ । यसै साता चीनले आफ्नो एआई सुरक्षा शासन ढाँचाको तेस्रो संस्करण जारी गऱ्यो । एआईका सम्भावित जोखिमपूर्ण परिदृश्यको नक्साङ्कन र यसमाथि चाल्नुपर्ने कदमबारे उल्लेख दस्तावेजको पछिल्लो संस्करणमा एआई मोडेलबाट साइबर सुरक्षा खतरा र एआईले आफैँलाई निरन्तर सुधार गर्दाको खतराका कुरा समावेश छन् । 'अमोडेईले आफ्नो आलेखमा भनेको र चिनियाँ सरकारको पछिल्लो एआई शासन ढाँचामा उल्लेख कुरा धेरै हदसम्म मिल्छन्,' एआई सुरक्षासम्बन्धी परामर्श संस्था कोनकोर्डियाका अनुसन्धाता गेब्रियल वाग्नरले भने । बरु अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले एआईबाट मानवमाथि खतरा रहेको कुरालाई पूर्णतः अस्वीकार गर्दै आएका छन् ।

चीनको सत्तारूढ कम्युनिस्ट पार्टी आफ्नो राजनीतिक नियन्त्रणको जोखिमसँग राम्रोसँग परिचित छ र ऊ राज्यले तोकेको सीमाभित्र नयाँ प्रविधिको विकास होस् भन्ने सुनिश्चित गर्न सक्रिय छ । यसैले देशका महत्त्वपूर्ण पूर्वाधार र व्यावसायिक गतिविधिमा केन्द्रीकृत नियन्त्रण कायम गरेको चीन सामान्यतया "एआईबाट आउन सक्ने कुनै पनि प्रकोपलाई सम्बोधन गर्न अमेरिकाभन्दा राम्रो स्थानमा छ," ओम्डियाका सुले भने ।

जस्तो, यही वर्ष पेइचिङले एआईसँग धेरै च्याट गरेर त्यसैमाथि भावनात्मक निर्भरता बढ्ने क्रम बढेको भन्दै त्यसलाई कम गर्ने उद्देश्यले राष्ट्रिय नियम पनि जारी गरेको छ । यसले आर्थिक वृद्धिमा एआईको सक्रिय प्रयोगलाई प्रोत्साहित गरेको छ । चीनले पछिल्लो पञ्चवर्षीय योजनामै आर्थिक वृद्धिमा एआईको प्रयोगको विषयलाई समावेश गरेको छ । चीनभरका स्थानीय सरकारले देशका विशाल उत्पादन आधारमा आफ्ना उत्पादन प्रक्रियालाई एआई युगमा रूपान्तरण गर्न प्रोत्साहित गरिरहेका छन् । उसो त चीनमा दैनिक जीवन पहिल्यै अत्यधिक 'डिजिटाइज्ड' भइसकेको छ ।

किनमेलदेखि जीवनका विभिन्न क्षेत्रको 'डिजिटाइजेसन' को दरको हिसाबमा चीन पश्चिमभन्दा अगाडि छ । पहिले अछुतो रहेका नयाँ क्षेत्रको समेत डिजिटाइजेसन भइरहेको छ । उदाहरणका लागि, पछिल्लो समय आएको डिजिटल स्वास्थ्य सेवा 'ए-फू' ले वास्तविक 'क्लिनिकल' अध्ययनमा प्रशिक्षित प्रख्यात डाक्टरहरूको एआई च्याटबोट संस्करण प्रस्तुत गरेको छ । यसको प्रयोगकर्ता हालसालै १५ करोड पुगिससेका छन् ।

चीनमा धेरैजसो मानिस एआईलाई उपयोगी दैनिक उपकरणका रूपमा लिन्छन्, अमूर्त खतराको रूपमा होइन । तथापि रोजगारी तथा गलत सूचनाबारे भने चिन्ता देखिन्छ । यसका बाबजुद चीनमा एआई विकास ढिलो गर्नुभन्दा यसमा थप निपुण हुनुपर्छ भन्ने बलियो विश्वास देखिन्छ ।

*(बेली द गार्जियनका लागि चीनकी संवाददाता हुन् ।)*

*स्रोत : द गार्जियनबाट*

# अख्तियार दुरुपयोग अनुसन्धान आयोगले पर्याप्त प्रमाण नजुटाउँदा मुद्दा कमजोर

✍ शुक्र

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०८२/८३ को ३६ औँ वार्षिक प्रतिवेदन बिहीबार सार्वजनिक भयो । आयोगमा २०८२/८३ मा ३३ हजार ५ सय १९ वटा उजुरी दर्ता भयो भने गत आ.व.को जिम्मेवारी सरेका ७ हजार ३ सय २३ उजुरीसमेत गरी कुल उजुरीको सङ्ख्या ४० हजार ८ सय ४२ पुगेको प्रतिवेदनमा उल्लेख छ ।

कुल उजुरीमध्ये स्थानीय तहसँग सम्बन्धित २० हजार २५ अर्थात् ४९.०३ प्रतिशत, सङ्घीय सरकारसँग सम्बन्धित १५ हजार ५ सय १२ वटा अर्थात् ३७.९८ प्रतिशत र प्रदेश सरकारसँग सम्बन्धित ५ हजार ३ सय ५ वटा अर्थात् १२.९९ प्रतिशत रहेको सार्वजनिक भयो । सङ्घीयता लागू भएयता भ्रष्टाचार र अनियमितता स्थानीय तह, प्रदेश र हुँदै सिंहदरबार अर्थात् सङ्घीय सरकारसम्म बढिरहेको यो प्रतिवेदनबाट पुष्टि हुन्छ ।

स्थानीय तहसँग सम्बन्धित उजुरीमध्ये सबैभन्दा बढी मधेस प्रदेशका स्थानीय तहहरूको ७ हजार ३ सय ७० ( ३६.८० प्रतिशत) पुग्यो भने सबभन्दा कम गण्डकी प्रदेशका स्थानीय तहहरूको १ हजार ४ सय ६ वटा (७.०२ प्रतिशत) उजुरी पुगेको प्रतिवेदनमा उल्लेख छ ।

स्थानीय तहमा सबैभन्दा बढी काठमाडौँ महानगरपालिकाको ४ सय ४१ ओटा (२.२० प्रतिशत) थियो भने पोखरा महानगरपालिकाको ३ सय ७२ (१.८६प्रतिशत), विदेह नगरपालिकाको (धनुषा) २ सय ४५ (१.२२ प्रतिशत), छिपहरमाई गाउँपालिकाको (पर्सा) २ सय ४५ (१.२२ प्रतिशत), जनकपुर उपमहानगरपालिकको २ सय २ (१.०१ प्रतिशत), सिरहा नगरपालिकाको १ सय ७८ (०.८७ प्रतिशत), जितपुरसिमरा उपमहानगरपालिकाको १ सय ७५ (०.८४ प्रतिशत), सुवर्ण गाउँपालिकाको (बारा) १ सय ७५ (०.८३ प्रतिशत), वीरगन्ज महानगरपालिकाको १ सय ६२ (०.७६ प्रतिशत), पचरौता नगरपालिकाको (बारा) १ सय ४८ (०.७४ प्रतिशत) उजुरी परेको प्रतिवेदनमा उल्लेख छ ।

प्रदेश सरकारको उजुरीमध्ये सबैभन्दा बढी मधेस प्रदेशको १ हजार ४ सय ७५ (२७.८० प्रतिशत) र सबैभन्दा कम गण्डकी प्रदेशको ४ सय ७ वटा (७.६७ प्रतिशत) उजुरी परेका छन् । सङ्घीय निकाय वा पदाधिकारीसम्बद्ध उजुरीमा सबैभन्दा बढी वाग्मती प्रदेशमा १३ हजार २ सय १४ वटा (३२.३५ प्रतिशत) र सबैभन्दा कम गण्डकी प्रदेशमा अर्थात् २ हजार ६ सय ३५ वटा (६.४५ प्रतिशत) रहेका छन् ।

सङ्घीय सरकारअन्तर्गत मन्त्रालयमा सबैभन्दा बढी भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको ३ हजार ३६ (१९.५७ प्रतिशत), शिक्षा तथा खेलकुद मन्त्रालयको १ हजार ९ सय ८३ (१२.७८ प्रतिशत), गृह मन्त्रालयको १ हजार ७ सय ५७ (११.३३ प्रतिशत), पूर्वाधार विकास मन्त्रालयको १ हजार ९५ (७.०६ प्रतिशत), अर्थ मन्त्रालयको ८ सय ७७ (५.६५ प्रतिशत), स्वास्थ्य तथ खाद्य स्वच्छता मन्त्रालयको ८ सय १६ (५.२६ प्रतिशत), ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको ६ सय ५७ (४.२४ प्रतिशत), संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको ५ सय ६३ (३.६३ प्रतिशत), कृषि, वन तथा पर्यावरण मन्त्रालयको ५ सय ४८ (३.५३ प्रतिशत) र सूचना तथा सञ्चार मन्त्रालयको ३ सय ९९ (२.५७ प्रतिशत) उजुरी परेको प्रतिवेदनमा उल्लेख छ ।

आयोगमा प्राप्त ४० हजार ८ सय ४२ उजुरीमध्ये ३२ हजार ८ सय २३ वटा (८०.३७ प्रतिशत) प्रारम्भिक छानबिन र स्क्रिनिङबाट फर्स्यौट भएको र ८ हजार १९ वटा उजुरी फर्स्यौट हुन बाँकी भई ती उजुरी चालू आवको लागि जिम्मेवारी सरेको प्रतिवेदनमा उल्लेख छ ।

आयोगले आव २०८२/८३ मा भ्रष्टाचारसम्बन्धी १ सय ७५ वटा मुद्दा विशेष अदालतमा दायर भएको र ५ सय ८५ तामेलीमा रहेको बतायो । १ सय ७५ वटा मुद्दामा ९९० जना प्रतिवादीविरुद्ध २५ अर्ब २३ करोड ६५ लाख ९७ हजार रुपैयाँ बिगो माग दाबी गर्दै विशेष अदालतमा मुद्दा दायर गरेको प्रतिवेदनमा उल्लेख छ ।

आयोगले ७ जना सङ्घीय मन्त्री, ५ सय ४९ जना सरकारी कर्मचारी, ५० जना निर्वाचित जनप्रतिनिधि र २२ जना राजनीतिक नियुक्ति तथा ३ सय ६२ जना उपभोक्ता तथा व्यवस्थापन समितिका पदाधिकारीविरुद्ध मुद्दा दर्ता भएको प्रतिवेदनमा उल्लेख छ ।

आयोगले विशेष अदालतमा दर्ता भएका १ सय ५६ वटा मुद्दाको फैसला भएको, तीमध्ये ८१ वटा (५१.९२ प्रतिशत) मुद्दामा कसुर कायम भएको छ । अघिल्लो आवमा ३ सय ९४ वटा मुद्दा विशेष अदालतमा दर्ता भएकोमा २ सय ७ (५२.६७ प्रतिशत) कसुर कायम भएको थियो । आयोगले पर्याप्त प्रमाण नजुटाउँदा आधामात्रै मुद्दामा सफलता पाएको हुँदा आयोग र अदालत कसको कमजोरी हो छानबिन हुनु जरुरी छ ।

# अफ्रिकी स्वतन्त्रता सेनानी क्वामे एन्क्रुमा – ४

१९६६ फेब्रुअरी २१ मा ८० जनाको एक सरकारी प्रतिनिधिमण्डलको नेतृत्व गरी एन्क्रुमा एसियाको निम्ति उडे । हल्ला गरिएको थियो - एन्क्रुमाले भियतनामलाई मद्दत दिन ८० लाख स्टर्लिङ पाउन्ड लगेका छन् । भियतनामलाई सैनिक सहायता दिने सम्झौतामा हस्ताक्षर गर्नेछन् र घानाको सेना भियतनाममा अमेरिकी सेनासँग लड्न बाध्य हुनेछ ।

१९६६ फेब्रुअरी २३ को दिन एन्क्रुमा पेइचिङ जान हनोइको आकासमै थिए । केही दिन अगाडि सेनाबाट हटाइएको लेफ्टिनेन्ट जनरल जोसेफ अन्क्राहले निरक्षर र राजनीतिबारे ज्ञान नै नभएका सैनिकहरूको एक एकाइलाई हातमा लिई सैनिक विद्रोहको घोषणा गरे । १९६६ फेब्रुअरी २४ को दिन बिहान ५ बजे विद्रोही सेनाको कर्नेल इमानुएल क्वासी कोतोकाले रेडियो स्टेसन कब्जा गरी सेना र प्रहरीले सरकार र संसदलाई भङ्ग गरेको तथा राष्ट्रपति एन्क्रुमालाई अपदस्थ गरेको घोषणा गर्‍यो । राष्ट्रपति भवनलाई सुरक्षा दिइरहेका ३० जनाको सानो सुरक्षा गार्डलाई विद्रोही सिपाहीहरूले घेरे र गोली हानाहान भयो । १०:३० बजेतिर सुरक्षा गार्डको प्रतिरोध दबाइयो । रक्सीले मातेका विद्रोही सिपाहीहरूले राष्ट्रपति भवनभित्र पसेर सम्पूर्ण सामान र राष्ट्रपतिको पुस्तकालय ध्वस्त पारे । एन्क्रुमाको जनसभा दल (CPP) पार्टीमाथि प्रतिबन्ध लगाइयो । घानास्थित अमेरिकी गुप्तचर विभाग (CIA) को प्रमुख होवार्ड टी बेनेसको तत्काल पदोन्नति भयो र उसले घाना छोड्यो ।

सेना र प्रहरीले मन्त्रीहरू र जनसभा दल (CPP) पार्टीका सांसदहरू पक्राउ गरे । एन्क्रुमाका जहान र छोराछोरीलाई कायरो पठाइयो । एन्क्रुमाकी आमालाई राष्ट्रिय झन्डा भएको घरबाट निकाली आफ्नो गाउँ एन्क्रोफुल पठाइयो । एन्क्रुमालाई पेइचिङ हवाई अड्डामा चिनियाँ प्रधानमन्त्रीले स्वागत गरे । त्यसबेलासम्म एन्क्रुमालाई आफ्नो देशको सैनिक विद्रोहबारे थाहा थिएन ।

चिनियाँहरूले घानाको समाचार राजदूतलाई थाहा दिए र पछि राजदूतले एन्क्रुमालाई बताए । गम्भीर र शान्त मुद्रामा समाचार सुनेपछि २५ फेब्रुअरी १९६६ को दिन पेइचिङस्थित घानाको राजदूतावासबाट राष्ट्रपति एन्क्रुमाले आफ्ना प्रतिनिधिमण्डललाई सैनिक विद्रोह दबाउन तत्काल घाना उड्न आदेश दिए तथा एक वक्तव्य दिए ।

'म गणतन्त्र घानाको संवैधानिक प्रमुख हुँ र सेनाको म परमाधिपति हुँ ।... घानाका जनता मप्रति समर्पित छन् भन्ने मलाई थाहा छ... । विद्रोहमा भाग लिएका सबै सिपाहीहरूलाई छाउनीहरूमा फर्कन र विदेशमा रहेका सबै राजदूतहरूलाई सबै कागजपत्र र सूचना आदानप्रदान आक्रामा नगरी पेइचिङस्थित घानाली राजदूतावासमा गर्न आदेश दिन्छु ।' जीवनको त्यस गम्भीर क्षणमा एन्क्रुमा ५७ वर्षका थिए ।

**विश्वासघात र प्रतिक्रान्ति**

एन्क्रुमाले आफ्नो पक्षमा घानाका जनता छन् भन्ने जुन विश्वास गरेका थिए, व्यवहारमा त्यो स्थिति देखा परेन । सेना छाउनी फर्केन । विद्रोहीहरूको विरोधमा जनताबाट आशा गरेको विरोध प्रदर्शन र प्रतिरोध पटक्कै भएन । दक्षिणपन्थीहरूले राष्ट्रिय मुक्ति परिषद् बनाएर घानाको विधायिका र कार्यकारी शक्ति हत्याई देशलाई पूरै कब्जामा लिए । विद्रोही परिषद्का नेता लेफ्टिनेन्ट जनरल जोसेफ अन्क्राहले 'घानाका जनताको सबभन्दा पुरानो र सबभन्दा सम्पन्न परम्परालाई अविश्वास गरेको हुँदा घानाका जनताको समर्थन र विश्वास एन्क्रुमाले गुमाएको र स्वेच्छाचारी ढङ्गले शक्ति प्रयोग गर्नेलाई अपदस्थ गरेको हो' भन्ने घोषणा गरे । कोफी बाको जस्ता एन्क्रुमाको राजनीतिक संरक्षणमा रहेका व्यक्तिले समेत प्रेस सम्मेलन गरी भने, "एन्क्रुमा सच्चा नेता होइनन् भन्ने अनुभव हुँदा मलाई सदा चिन्ताले सताउँथ्यो ।"

राष्ट्रपति एन्क्रुमाका 'अफ्रिकी मामिला' का सल्लाहकार मिखाइल डेइ-आनाङ्गले सैनिक विद्रोहलगत्तै 'अफ्रिकी एकताको नीति टाट पल्टेको' र 'एन्क्रुमा एक राजनीतिक बोक्सा' साबित भएको बतायो । एन्क्रुमासँगै चीनमा गएका प्रतिनिधिमण्डलका सदस्यहरूले घाना फर्केर राष्ट्रपतिलाई अनेक लान्छना लगाए । तिनीहरूले पेइचिङबाट घाना फर्कने बेलामा सैनिक विद्रोहको विरोध गर्न भनिएको थियो । तर, घाना फर्केपछि एन्क्रुमालाई विश्वासघात गरी दक्षिणपन्थी नयाँ सरकारप्रति बफादारी देखाए ।

१९६६ मार्च २ को दिन एन्क्रुमालाई गिनीका राष्ट्रपति अहमद सेकु तुरेले राजधानी कोनाक्री (Conakry) मा राष्ट्रपतिकै रूपमा स्वागत गरे । एन्क्रुमासँग उनका अङ्गरक्षक र कर्मचारी टोलीसमेत थिएन । राज्य प्रमुखकै रूपमा स्वागत गर्दा सेकु तुरेले हवाई अड्डामा २१ तोपको सलामी दिँदै भने, "एन्क्रुमा गिनीकै एक राज्य प्रमुखको रूपमा रहनुहुनेछ र गिनीको प्रजातान्त्रिक पार्टीको महासचिवको रूपमा रहनुहुनेछ ।" गिनीको राजधानी कोनाक्रीको एक जनसभामा एन्क्रुमाले घोषणा गरे, "गिनीलाई एक दबुको रूपमा प्रयोग गर्ने उद्देश्यले म यहाँ आएको हुँ र म चाँडै घानाको आक्रामा रहनेछु भनी संसारलाई बताउँछु ।' गिनीमा एन्क्रुमा सह-राष्ट्रपतिको रूपमा रहे ।

एन्क्रुमा गिनीको राजधानीमा समुद्रको नजिकै राम्रो सुरक्षाका साथ एक आवासमा बसे । घानाको दक्षिणपन्थी नयाँ सरकारले एन्क्रुमाको टाउको ल्याउनेलाई एक लाख सेडी अर्थात् एक लाख २० हजार डलर दिने घोषणा गर्‍यो । एन्क्रुमा अध्ययनको निम्ति ठूलै कोठामा बस्थे । उनले मार्क्सवादी साहित्य अध्ययन गर्न थाले । त्यही निवासमा उनले गिनीमा रहेका कूटनैतिक व्यक्तिहरू, अफ्रिकी राष्ट्रिय मुक्ति आन्दोलनका मुख्य नेताहरू, विभिन्न देशका सहयोद्धा र पुराना मित्रहरू, घाना र गिनीका प्रवासी र प्रमुख नेताहरूसँग भेटघाट, छलफल र सरसल्लाह गर्थे ।

सेकु तुरे र श्रीमती बरोबर एन्क्रुमासँग भेटघाट गर्न जान्थे । उनीहरू प्रचार माध्यमसँग भेट्न र अन्तर्वार्ता दिन अस्वीकार गर्थे । गिनीको बिदाका दिनहरूमा सह-राष्ट्रपतिको रूपमा रहेका एन्क्रुमा सेकु तुरेसँग बिताउँथे । अध्ययन, बगैंचामा घुमफिर, फूल र बिरुवाको गोडमेल, कहिलेकाहीं टेनिस खेलेर दिन बिताउँथे । फ्रान्सेली भाषा सिकेपछि फ्रान्सेली भाषा बोल्ने अफ्रिकी देशका नेताहरूसँग कुराकानी र छलफल गर्न उनले सजिलो अनुभव गरे ।

सैनिक विद्रोहको ठीक १० दिनपछि छिट्टै घाना फर्कन सक्ने अनुमानअनुसार एन्क्रुमाले एक शक्तिशाली प्रसारण यन्त्रबाट सैनिक विद्रोहको विरोधमा सङ्घर्ष गर्न जनतालाई आह्वान गरे । १९५७ मार्च ६ को दिन स्वाधीनताको घोषणाको दिन थियो । १९६६ मार्च ६ को दिन अर्थात् स्वाधीनताको नवौं वार्षिकोत्सवको दिन एन्क्रुमाले आह्वान गरे, "मलाई थाहा छ, तपाईंहरू सदा मप्रति, पार्टी र सरकारप्रति बफादार हुनुहुन्छ र यस परीक्षाको घडीमा डरत्रासपछि पनि दृढ अडान र प्रतिरोधमा रहनुहुनेछ । ..... घानामा अहिले घटेको घटना सैनिक विद्रोह होइन, विद्रोह हो भने आफ्नै कुकर्महरूका कारण त्यो दबाइनेछ । ...... छिट्टै म तपाईंहरूको साथमा रहनेछु ।" समयले एन्क्रुमालाई व्यावहारिक बनाउँदै लग्यो र उनले आफूलाई पूर्णरूपले अध्ययन, अनुभव र सैद्धान्तिक लेखनमा लगाए ।

संसारका विभिन्न किसिमका सैद्धान्तिक पुस्तकहरू, लेनिनको 'गुरिल्ला युद्ध', माओ त्सेतुङका रचनाहरू, चे ग्वेभारा र रेजिस डिब्रे आदिका रचनाहरूको अध्ययनले गर्दा उनले घानामा ससाना गुप्त सङ्गठनहरू बनाउन निर्देशन दिए । पुराना सङ्गठनका सबै जगहरू खुला र खुकुलो ढङ्गको थियो भने त्यसकै जगमा सशस्त्र सङ्घर्षको निम्ति गुप्त सङ्गठनहरू बन्न गाह्रो थियो ।

पश्चिमी देशहरूले १९६९ सेप्टेम्बरमा सैनिक शासनको ठाउँमा कोफी बुसियाको सरकार बनाए । त्यस सरकारले देशी र विदेशी पुँजीलाई स्वतन्त्र रूपले खेल्न दियो । १९७१ डिसेम्बर महिनामा घानाको मुद्रा सेडीको अवमूल्यन गरेर सीमित आम्दानी भएका जनताको ढाड खुस्काउने काम गर्‍यो । त्यो सरकार बदनाम हुँदै गयो ।

१९७१ अक्टोबर १५ को दिन एन्क्रुमाले आफ्नो अन्तिम कृति 'क्रान्तिकारी बाटो' को सारसङ्क्षेप लेख्न भ्याए ।

१९७२ जनवरी १३ को दिन कर्नेल इग्नाटियस अचेम्पोङको नेतृत्वमा पुन: एउटा सैनिक विद्रोह गरी सत्ता हातमा लिए र एन्क्रुमालाई घाना फर्कन स्वीकृति दिए । त्यसबेलासम्ममा एन्क्रुमालाई क्यान्सरले छोइसकेको थियो । उपचारको निम्ति आफ्नो निजी चिकित्सक र सानो टोली लिएर उनी रोमानिया गए ।

१९७२ अप्रिल २७ मा रोमानियामै एन्क्रुमाको निधन भयो । अप्रिल २९ को दिन गिनीले राष्ट्रिय शोकको घोषणा गर्‍यो । तीन दिनसम्म राष्ट्रिय झन्डा आधा झुकायो । बित्नुभन्दा पहिले उनले आफ्नो पार्थिव शरीरलाई आफू जन्मेकै गाउँ एन्क्रोफुलमा समाधिस्थ गर्ने इच्छा जाहेर गरेका थिए । एन्क्रुमाका पुराना साथी काजो बोत्सिओ कोनाक्री पुगी एन्क्रुमाको अस्थिलाई घानामा लैजान अनुरोध गरे । राष्ट्रपति सेकु तुरेले घानाको सरकारले औपचारिक रूपले जिम्मा नलिएसम्म एन्क्रुमाको अस्थि नदिने अडान लिनुको साथै एन्क्रुमाका साथीहरूलाई जेलबाट मुक्त गर्नुपर्ने सर्त राखे ।

१९७२ मे १६ को दिन गिनीको कोनाक्रीकै 'जनताको दरबार' मा अन्तिम संस्कारको समारोह आयोजना गरियो र उनको शवमा गिनीको राष्ट्रिय झन्डा ओढाइयो । कोनाक्रीमा ४० देशका प्रतिनिधिमण्डल आएर एन्क्रुमाका जहान र छोराछोरीलाई समवेदना प्रकट गरे । अफ्रिकी स्वाधीनता आन्दोलनमा उनको योगदानलाई स्मरण गरे । शोक समारोहमा राष्ट्रपति सेकु तुरेले उद्घोष गरे, 'एन्क्रुमा घानाका मात्र होइनन्, उनी अफ्रिकी हुन् । एन्क्रुमा कहिल्यै मर्ने छैनन् ।'

औपचारिक समारोहपछि पार्थिव शरीरलाई रङ्गशालामा राखियो । हजारौं घानाबासीहरूले उनको शोकमा श्रद्धाञ्जली अर्पण गर्दै मौन धारण गरे ।

अन्तमा, घानाको सरकारले सेकु तुरेको सर्तलाई स्वीकार गर्‍यो । १९७२ जुलाई ९ को दिन साथी कोजो बोत्सिओ र श्रीमती फातिमा एन्क्रुमाको पार्थिव शरीरसहित आक्रा उडे । १० जुलाईको दिन उनको पार्थिव शरीरलाई घानाको राज्य भवनमा दर्शनको निम्ति राखियो । राजधानी आक्रा धमिलो रातो झन्डाले सजिएको थियो । रेडियोले घानाको पहिलो प्रधानमन्त्री र राष्ट्रपतिका भाषणहरू बजाउँदै थियो, उनको जीवनी र उनका योगदानको बयान गर्दै थियो ।



भोलिपल्ट आइतबारको दिन हेलिकोप्टरबाट शवलाई उनको जन्मस्थल एन्क्रोफुल लगियो । झन्डै आँखाले देख्न नसक्ने भएकी बूढी आमा रातभर शवसँगै शोकमग्न रहिन् । १९७२ जुलाई १२ को बिहानीपख एन्क्रुमालाई अन्तिम सलामी दिई समाधिस्थ गरियो ।

**एन्क्रुमाको व्यक्तित्व**

इतिहास, दर्शन, संस्कृति र अर्थशास्त्रका अध्येता एन्क्रुमा ताडीको रस, फलफूल, हरियो सागपात र फलफूलको रस मन पराउने, हाँसो मन पराउने व्यक्ति थिए । उनी पौडी खेल्ने, घोडचढी र बुद्धिचाल खेल्ने र बगैंचा हेरचाह गर्न मनपराउँथे ।

उनी महात्मा गान्धीलाई आदर्श मान्थे र उनीजस्तै फलाहार गर्थे र निराहार बस्थे । घाना पनि बेलायती उपनिवेश भएको र भारतकै नमुनाअनुसार उनको अन्तरमनले काम गर्न खोजेको देखिन्छ । तर, बेलायती उपनिवेशवादीहरूमा भारत र घानाबारे चिन्तनमा धेरै अन्तर हुनु स्वाभाविक थियो ।

विवाहको एक वर्षपछि जन्मेको छोराको नाम इजिप्टका राष्ट्रपति गमाल अब्दुल नासिरको सम्झनामा 'नासिर' राखियो भने दोस्रो बच्चा छोरी थिइन् । उनको नाम सामिया राखियो र कान्छो छोराको नाम गिनीका राष्ट्रपतिको सम्झनामा सेकु राखिएको थियो ।

साम्राज्यवादीहरूले उनको हत्या गर्ने योजना बनाउँदै गर्दा उनी बाहिरी गतिविधिबाट टाढिँदै गए तथा विरोधीहरूको षड्यन्त्रमाथि नियन्त्रण गर्ने अनेक कानुन पनि बन्दै गयो । त्यसैलाई निहुँ बनाएर स्थानीय प्रतिगामी र साम्राज्यवादीहरूले उनलाई सुनको खाटमा सुत्ने, मेच नै सुनको, ऐय्यासी जीवन बिताउने 'तानाशाह' भनेर आरोप लगाउँदै गए । तर, सुन घानाको निम्ति दुर्लभ वस्तु थिएन । देशको सम्पत्तिलाई नै एन्क्रुमाको निजी सम्पत्ति भनी बदनाम गरियो ।

सैनिक विद्रोहबाट अपदस्थ भई गिनीको प्रवासमा बस्दा एन्क्रुमाले आफ्नो सम्पूर्ण सङ्गठन, गतिविधि र सिद्धान्तबारे समीक्षात्मक रचनाहरू लेखे । ती रचनामा अफ्रिकी एकता, अफ्रिकी सङ्घ र अफ्रिकी शैलीको समाजवाद भनिए पनि वैज्ञानिक समाजवादको आँखाले अफ्रिकालाई एन्क्रुमाले देख्न नसकेको अनुभव हुन्छ । गिनीको प्रवासमा बस्दा उनले लेखेका रचनाहरू हुन् 'क्वामे एन्क्रुमाको आत्मकथा' (१९६७), 'अफ्रिकी समाजवादबारे पुनर्विचार' (१९६७), 'कोनाक्रीको आवाज' (१९६७), 'घानाको अँध्यारा दिनहरू' (१९६८), 'क्रान्तिकारी युद्धका कखरा' (१९६८), 'अफ्रिकाको वर्गसङ्घर्ष' (१९७०) आदि । 'सङ्घर्ष चालु छ', 'म स्वतन्त्रताको निम्ति बोल्छु' र 'क्रान्तिको बाटो' उनको मृत्युपछि छापिए ।

मानिसका आआफ्नै सानाठूला कमीकमजोरी हुन्छन् । तर, उद्देश्य, प्रतिबद्धता र समर्पणमा एन्क्रुमा इमानदार थिए भन्नेबारे कुनै शङ्का छैन । एक क्षेत्र वा विचारको उदाहरण र प्रतीक बन्नु नै मानिसको भित्री गुण वा व्यक्तित्व हो । एन्क्रुमा यस अर्थमा समशितोष्ण (Tropical) अफ्रिकाको पहिलो राजनेता र अफ्रिकी महादेशमा समाजवादका अग्रदूत र प्रचारकहरूमध्येका एक हुन् । उनको जीवनका अन्तिम रचनाहरूमा गुप्त सङ्गठन र गुरिल्ला युद्धका विषयवस्तु हुनु उनको राजनीतिक दर्शनको सिंहावलोकनको रूपमा अभिव्यक्ति देखापर्छ ।

यस अर्थमा एन्क्रुमा घानाका 'मुक्तिदाता' र अफ्रिकी एकताका प्रवर्तक हुन् । उनी साम्राज्यवाद र उपनिवेशवादविरोधी प्रात:स्मरणीय योद्धा हुन् ।

*समाप्त*

*- स्वतन्त्रता आन्दोलनका अफ्रिकी अगुवा*



# जलवायु न्यायमा गुटेरेसको जोड



संयुक्त राष्ट्रसङ्घ, ७ असोज (एएफपी)। संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले आफ्नो कार्यकालको अन्तिम जलवायु शिखर सम्मेलनमा तापक्रम वृद्धि रोक्न उत्सर्जन कटौतीसँगै जलवायु न्याय र विकासशील मुलुकका लागि पर्याप्त वित्तीय सहयोग आवश्यक रहेकोमा जोड दिनुभएको छ। उहाँले जीवाश्म इन्धन उद्योगले वातावरणलाई 'खुला ढल' जस्तो व्यवहार गरिरहेको आरोप लगाउँदै जलवायु सङ्कट समाधानका लागि तत्काल प्रभावकारी कदम चाल्न आह्वान गर्नुभएको छ।

गुटेरेसले रुसले युक्रेनमा आक्रमण गरेयता पाँच प्रमुख पश्चिमी तेल कम्पनीले करिब पाँच खर्ब अमेरिकी डलर नाफा कमाएको उल्लेख गर्दै विकासशील देशलाई तापक्रम वृद्धिसँग अनुकूलन गर्न परिचालन गरिएको जलवायु वित्त करिब ३४ अर्ब डलर मात्र रहेको बताउनुभयो।

विश्वभर जलवायु परिवर्तनका असर तीव्र भइरहेका बेला उहाँको यस्तो आह्वान आएको हो। युरोपमा बढ्दो गर्मी र डढेलोदेखि नेपाल तथा तिब्बतमा हिमनदी पग्लिँदा आएको विनाशकारी बाढीसम्मका घटनाले जोखिम बढाइरहेका छन्। तापक्रम १.५ डिग्री सेल्सियसको सीमाभन्दा अस्थायी रूपमा माथि जाने सम्भावनाले चरम मौसमी घटनाको जोखिम थप बढाउने वैज्ञानिकहरूले चेतावनी दिएका छन्।

कार्यक्रममा अर्थतन्त्रलाई हरित बनाउने, उत्सर्जन घटाउने तथा विकासशील मुलुकलाई जलवायु लक्ष्य पूरा गर्न र जोखिम सामना गर्न आवश्यक वित्त जुटाउने विषयमा जोड दिइनेछ। टर्कीले सन् २०३५ सम्म विश्वव्यापी अन्तिम ऊर्जा खपतमा विद्युत्को हिस्सा ३५ प्रतिशत पुर्‍याउने '३५३५' लक्ष्य अघि सारेको छ। तर नवीकरणीय ऊर्जाको हिस्सा स्पष्ट गरिएको छैन।

यसैबिच, जलवायु परिवर्तनको उच्च जोखिममा रहेको नेपालका लागि जलवायु वित्त र क्षति तथा नोक्सानी कोष महत्त्वपूर्ण विषय बन्ने देखिएको छ। नेपालका विदेशमन्त्री शिशिर खनालले न्यून हरितगृह ग्यास उत्सर्जन गर्ने जलवायु जोखिममा रहेका देशका लागि आर्थिक सहयोग परोपकार नभई कानूनी तथा नैतिक दायित्व भएको बताउनुभएको छ।

गैरनाफामूलक संस्था युनियन अफ कन्सर्न्ड साइन्टिस्ट्सकी राहेल क्लिटसले जलवायु परिवर्तनबाट बढी प्रभावित तर कम वित्तीय सहयोग पाएका देशका लागि क्षति तथा नोक्सानी कोषमा नेपालको भूमिका महत्त्वपूर्ण हुने बताउनुभएको छ। उहाँले गुटेरेसले जलवायु न्याय र कमजोर मुलुकको आवाजलाई विश्वमञ्चमा प्रभावकारी रूपमा उठाउँदै आउनुभएको बताउनुभयो।

# पाकिस्तान–अफगानिस्तान सीमामा फेरि तनाव

पेसावर (पाकिस्तान), ७ असोज (एपी)। पाकिस्तानका स्थानीय अधिकारीहरूले अफगान तालिबान सेनाले रातभर पाकिस्तानी सीमा चौकीमा मोर्टार तथा अन्य भारी हतियारबाट गोलाबारी गरेको बताएका छन्। काबुलले भने आफ्ना सुरक्षाकर्मीले त्यस्तो कुनै आक्रमण नगरेको दाबी गरेको छ।

पाकिस्तानी अधिकारीहरूका अनुसार पाकिस्तानी सेनाले आतङ्कवादी समूहको सीमापार घुसपैठ प्रयास विफल पारेपछि अफगान तालिबान सेनाले सीमा चौकीलाई लक्षित गरी गोलाबारी गरेको हो। पाकिस्तानी सेनाले जवाफी कारबाहीमा तालिबानका सीमा चौकी, मोर्टार प्रहार गर्ने स्थान र अन्य रक्षात्मक संरचनालाई तोपखानाबाट निशाना बनाएको उनीहरूले बताएका छन्।

चारजना स्थानीय अधिकारीका अनुसार पक्तिया र नङ्गरहार प्रान्तमा अफगान सीमाबाट आतङ्कवादीहरूले पाकिस्तान प्रवेश गर्ने प्रयास गरेका थिए। पाकिस्तानले पाकिस्तानी तालिबानका लागि प्रयोग गर्ने 'फितना-उल-खवारीज' नामले उनीहरूलाई सम्बोधन गर्दै आएको छ। पाकिस्तानी अधिकारीहरूले अफगान तालिबान सरकारमाथि आफ्नो भूमिबाट आतङ्कवादी गतिविधि सञ्चालन गर्न दिएको आरोप लगाउँदै आएका छन् भने काबुलले त्यसलाई अस्वीकार गर्दै आएको छ।

अधिकारीहरूले पाकिस्तानी सेनाले घुसपैठ विफल पारेपछि अफगान तालिबान सेनाले गोलाबारी गरेको र जवाफी कारबाहीपछि उसका केही सुरक्षाकर्मीले स्थान छाडेको तथा हताहत भएको दाबी गरेका छन्। उनीहरूले आफ्नो नाम सार्वजनिक नगर्ने सर्तमा पछिल्लो घटनाबारे जानकारी दिएका हुन्। यी दाबीहरू स्वतन्त्र रूपमा पुष्टि हुन सकेका छैनन्।

पछिल्लो घटनाक्रमले पाकिस्तान र अफगानिस्तानबिच स्थायी शान्ति कायम गर्न चीन, टर्की, कतार र साउदी अरेबियाले गरिरहेका मध्यस्थता प्रयास प्रभावित हुनसक्ने चिन्ता बढाएको छ। संयुक्त राष्ट्रसङ्घको महासभाका क्रममा न्युयोर्कमा आयोजित एक कार्यक्रममा पाकिस्तानी विदेशमन्त्री इशाक दारले अफगानिस्तानमा दुई दर्जनभन्दा बढी पाकिस्तानविरोधी आतङ्कवादी समूहको उपस्थितिप्रति चिन्ता व्यक्त गर्नुभएको थियो।

यसैबिच, पाकिस्तानी अधिकारीहरूले उत्तरपश्चिमी पाकिस्तानको कोहाटतर्फ प्रवेश गर्नुअघि अफगान तालिबान शासनद्वारा प्रक्षेपित भनिएका दुईवटा ड्रोन निष्क्रिय पारेको बताएका छन्। यसले अफगानिस्तानबाट उत्पन्न हुनसक्ने हवाई खतराविरुद्ध पाकिस्तानी सुरक्षा बल उच्च सतर्कतामा रहेको देखाएको उनीहरूको भनाइ छ।

पछिल्ला हवाई आक्रमणले सीमापार लामो समयदेखि जारी शत्रुतापछि देखिएको केही साताको तुलनात्मक शान्तिसमेत अन्त्य गरेको छ। यसै महिनाको सुरुआतमा पाकिस्तानी सुरक्षा बलले अफगानिस्तानबाट प्रवेश गर्ने प्रयास गरिरहेका १५ जना आतङ्कवादीलाई मारेको जनाएको थियो।

सोमबारको हवाई आक्रमण खैबर पख्तुनख्वा प्रान्तको हङ्गु जिल्लामा आतङ्कवादीसँग भएको गोली हानाहानपछि भएको थियो। उक्त घटनामा छजना पाकिस्तानी सुरक्षाकर्मी मारिएका थिए। त्यसको केही दिनअघि नजिकैको कोहाट सहरस्थित प्रहरी परिसरभित्र रहेको मस्जिदमा आत्मघाती बम विस्फोट भएको थियो। त्यसपछि आठजना बन्दुकधारीले परिसरमा आक्रमण गर्दा करिब २० घण्टासम्म गोली हानाहान भएको र कम्तीमा २१ जनाको मृत्यु भएको थियो। मृतकमध्ये अधिकांश प्रहरी अधिकारी थिए। उक्त आक्रमणको जिम्मेवारी कुनै समूहले लिएको छैन।

# सुडानमा बढ्दो हिंसाप्रति संयुक्त राष्ट्रसङ्घको चिन्ता

संयुक्त राष्ट्रसङ्घ, ७ असोज (सिन्हवा)। सुडानमा पछिल्लो समय हिंसा बढ्दै गएपछि सर्वसाधारणको विस्थापन तीव्र भएको र खाद्य सङ्कट झन् गम्भीर बन्दै गएको भन्दै संयुक्त राष्ट्रसङ्घका मानवीय निकायहरूले गहिरो चिन्ता व्यक्त गरेका छन्।

संयुक्त राष्ट्रसङ्घीय मानवीय मामिला समन्वय कार्यालय (ओसीएचए) का अनुसार पूर्वी र दक्षिण दारफुर राज्यमा भएका विभिन्न झडपमा कम्तीमा १३ जनाको मृत्यु भएको छ। हिंसाका कारण स्थानीय बजारहरू प्रभावित हुनुका साथै ठूलो सङ्ख्यामा मानिसहरू आफ्नो घर छाडेर विस्थापित भएका छन्। उत्तर दारफुरमा भने रोटीको मूल्य उल्लेख्य रूपमा बढेको छ।

ओसीएचएले स्थानीय स्रोतलाई उद्धृत गर्दै शनिबार पूर्वी दारफुरको एल दाइनस्थित अल बोर्सा बजारमा भएको झडपमा मानवीय क्षति भएको जनाएको छ। उक्त घटनापछि बजार आंशिक रूपमा बन्द भएको थियो। सोही दिन दक्षिण दारफुरको गेरेइडास्थित अबुजा बजारमा भएको सामुदायिक झडपमा १३ जनाको मृत्यु हुनुका साथै ४०० भन्दा बढी मानिस विस्थापित भएको बताइएको छ। दक्षिण दारफुरको न्याला सहरमा पनि भएका झडपमा थप मानवीय क्षति भएको विवरण सार्वजनिक भएको छ।

उत्तर तथा दक्षिण कोर्डोफान, ब्लु नाइल र उत्तर दारफुरमा जारी सङ्घर्षका कारण पछिल्लो एक सातामा मात्रै हजारौँ मानिस नयाँ रूपमा विस्थापित भएको मानवीय सहायता साझेदारहरूले बताएका छन्।

यसैबिच, उत्तर कोर्डोफानको शिकान क्षेत्रमा रहेका दुईवटा गोदाम आइतबार ड्रोन आक्रमणमा परेका छन्। संयुक्त राष्ट्रसङ्घीय बाल कोष (युनिसेफ) का अनुसार आक्रमणमा विद्यालय सञ्चालनको सुरुवातसँगै विद्यार्थीलाई वितरण गर्ने तयारी गरिएका शैक्षिक सामग्री नष्ट भएका छन्। एल ओबेद सहरमा पनि आइतबारदेखि सोमबारसम्म ड्रोन आक्रमणको शृङ्खला भएको युनिसेफका साझेदार संस्थाहरूले बताएका छन्।

सुडानमा खाद्य सङ्कट पनि थप गम्भीर बन्दै गएको ओसीएचएले जनाएको छ। उत्तर दारफुरको ताविला क्षेत्रमा स्थानीय बजारमा लगातार चार दिनसम्म रोटी उपलब्ध हुन नसकेको बताइएको छ। रोटीको मूल्य अत्यधिक बढेपछि उत्पन्न तनावका कारण शुक्रबारदेखि केही बेकरीसमेत बन्द भएका छन्।

विश्व खाद्य कार्यक्रम (डब्ल्यूएफपी) का अनुसार अघिल्लो महिनाको तुलनामा स्थानीय खाद्य टोकरीको लागत १३ प्रतिशतले बढेको छ। अत्यावश्यक खाद्य तथा अन्य सामग्रीको मूल्य देशभर बढ्दै गएको कार्यक्रमले जनाएको छ।

ओसीएचएले सुडानमा सङ्घर्षरत सबै पक्षलाई सर्वसाधारण र नागरिक पूर्वाधारको सुरक्षा गर्न तथा अन्तर्राष्ट्रिय कानुनको पालना गर्न आग्रह गरेको छ। साथै, आवश्यकतामा रहेका मानिससम्म मानवीय सहायता छिटो, सुरक्षित र निर्बाध रूपमा पुग्ने वातावरण सुनिश्चित गर्न पनि सबै पक्षलाई अपिल गरिएको छ।

# अमेरिका–इरान वार्तापछि तेलको मूल्य घट्यो

न्युयोक, ७ असोज (एएफपी)। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले संयुक्त राष्ट्रसङ्घमा अमेरिका र इरानका प्रतिनिधिबिच 'धेरै राम्रो' वार्ता भएको बताएपछि बुधबार अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्य घटेको छ। एसियाली बजारमा प्रारम्भिक कारोबारका क्रममा अन्तर्राष्ट्रिय बेन्चमार्क ब्रेन्ट क्रुडको मूल्य प्रतिब्यारेल ९८.९१ अमेरिकी डलरमा झरेको छ भने अमेरिकी कच्चा तेलको प्रमुख बेन्चमार्क वेस्ट टेक्सास इन्टरमिडिएट (डब्ल्यूटीआई) ८९.९३ डलरमा कारोबार भएको छ। मध्यपूर्वमा फेब्रुअरीमा युद्ध सुरु भएपछि पटक-पटक १०० डलरभन्दा माथि पुगेको तेलको मूल्य पछिल्लो समय उक्त स्तरभन्दा तल आएको हो।

ट्रम्पको यो भनाइ संयुक्त राष्ट्रसङ्घको महासभामा उनले इरानप्रति कडा धारणा व्यक्त गरेको केही घण्टापछि आएको हो। ट्रम्पले इरानसँग सम्झौता गर्ने वा 'इस्लामिक गणतन्त्रलाई छिट्टै समाप्त गर्ने' विषयमा आफूले ठूलो निर्णय लिनुपर्ने बताएका थिए।

तेहरानमाथि अमेरिका र इजरायलले गरेको आक्रमणबाट द्वन्द्व सुरु भएको करिब सात महिनापछि पनि अमेरिका र इरानबिचको तनाव कायमै छ। इरानले स्ट्रेट अफ हर्मुज बन्द राखेको छ भने अमेरिकाले इरानी बन्दरगाहमाथि प्रतिरोधात्मक नाकाबन्दी जारी राखेको छ।

यसैबिच, साउदी अरबले पनि द्वन्द्वका कारण बन्द भएको आफ्नो ईस्ट-वेस्ट पाइपलाइन सञ्चालन पुनः सुरु गर्न थालेको बताइएको छ। उक्त पाइपलाइन स्ट्रेट अफ हर्मुजको अवरोधलाई छल्दै तेल निर्यात गर्न साउदी अरबका लागि महत्त्वपूर्ण मार्ग हो। साउदी अरबले यही महिनामा इराकबाट प्रक्षेपण गरिएका ड्रोनका कारण पाइपलाइन बन्द गर्नुपरेको जनाएको थियो। ब्लुमबर्गका अनुसार साउदी अरबले यही साताको अन्त्यतिरबाट तेल निर्यात पुनः सुरु गर्ने तयारी गरेको छ।

# एल निनो र युद्धले श्रीलङ्काको अर्थतन्त्रमा जोखिम

कोलम्बो, ७ असोज (एएफपी)। श्रीलङ्काको आर्थिक सङ्कटपछि सुरु भएको पुनःप्राप्ति प्रक्रिया एल निनो जलवायु घटना र मध्यपूर्वको युद्धका कारण जोखिममा पर्नसक्ने अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) ले चेतावनी दिएको छ।

सन् २०२२ मा विदेशी मुद्रा अभावका कारण श्रीलङ्काले गम्भीर आर्थिक सङ्कट व्यहोर्नुका साथै पहिलोपटक सार्वभौम ऋण तिर्न नसक्ने अवस्था बेहोरेको थियो। त्यसपछि प्राप्त सुधारका उपलब्धि जोगाउनु महत्त्वपूर्ण रहेको आइएमएफले दुई अर्ब ९० करोड अमेरिकी डलरको ऋण सहयोग कार्यक्रमको समीक्षामा जनाएको छ।

आइएमएफका अनुसार मध्यपूर्व युद्धको अवधि र तीव्रता, विश्वव्यापी व्यापार नीतिमा हुने परिवर्तन तथा एल निनोको प्रभावले श्रीलङ्कासामु थप जोखिम सिर्जना गरेका छन्। यस्तो अवस्थामा आर्थिक स्थायित्व कायम राख्न वित्तीय तथा बाह्य क्षेत्रका सुरक्षा सञ्चिति बलियो बनाउन विवेकपूर्ण नीति अवलम्बन गर्दै सुधारलाई निरन्तरता दिन आवश्यक रहेको आइएमएफले जनाएको छ।

श्रीलङ्का मौसम विभागले एल निनोका कारण यस वर्षको बाँकी अवधिमा गम्भीर खडेरी वा भारी वर्षा हुनसक्ने चेतावनी दिएको छ। वर्षाको कमीले जलविद्युत् उत्पादन घटाएर महँगो तापीय विद्युत्मा निर्भरता बढाउन सक्ने अधिकारीहरूले बताएका छन्। खडेरी प्रभावित क्षेत्रमा वर्षाका लागि प्रार्थना गर्न श्रीलङ्का वायुसेनाले बौद्ध भिक्षुहरूलाई समेत पुर्‍याएको थियो।

मध्यपूर्वको युद्धपछि श्रीलङ्काले इन्धनको मूल्य ५० प्रतिशतभन्दा बढी बढाएको छ। सरकारले अक्टोबरमा पनि इन्धन अनुदान जारी राख्ने जनाएको छ।

# ३०३० लक्ष्यमा विश्व पछाडि

पेरिस, ७ असोज (एएफपी)। सन् २०३० सम्ममा विश्वको ३० प्रतिशत भूमि र महासागर संरक्षण गर्ने अन्तर्राष्ट्रिय लक्ष्य हासिल गर्ने दिशामा विश्व पछाडि परेको वातावरणीय अभियानकर्ताहरूले बताएका छन्। आगामी अक्टोबरमा आर्मेनियामा हुने संयुक्त राष्ट्रसङ्घीय जैविक विविधता सम्मेलनअघि सार्वजनिक प्रतिवेदनले संरक्षण प्रयास र लगानी तत्काल बढाउनुपर्ने देखाएको छ।

सन् २०२२ मा करिब दुई सय राष्ट्रले तय गरेको '३०३०' लक्ष्यअन्तर्गत भूमि र समुद्री क्षेत्रको ३० प्रतिशत संरक्षण गर्ने प्रतिबद्धता गरिएको थियो। तर, 'क्याम्पेन फर नेचर' र 'टुगेदर फर द ओसन' को प्रतिवेदनले सरकारका प्रतिबद्धता र कार्यान्वयनबिच ठूलो अन्तर रहेको जनाएको छ। 'क्याम्पेन फर नेचर' का निर्देशक ब्रायन ओ'डोनेलले तीव्र प्रगति सम्भव भए पनि विश्व लक्ष्य हासिल गर्ने मार्गमा नरहेको बताउनुभयो।

प्रतिवेदनअनुसार हालका प्रतिबद्धता कार्यान्वयन भए सन् २०३० सम्ममा संरक्षित भूमि र अन्तर्देशीय जलक्षेत्र करिब २७ प्रतिशत पुग्नेछ भने महासागरको संरक्षण करिब १२ प्रतिशतमा सीमित रहनेछ। संयुक्त राष्ट्रसङ्घअन्तर्गतको जैविक विविधतासम्बन्धी महासन्धिले पनि राष्ट्रहरू लक्ष्य हासिल गर्ने मार्गबाट पछि हटिरहेको चेतावनी दिएको छ।

संरक्षणका लागि आवश्यक वित्तीय स्रोतको अभावलाई प्रमुख चुनौती मानिएको छ। लक्ष्य पूरा गर्न वार्षिक एक खर्बदेखि एक खर्ब ८० अर्ब अमेरिकी डलर आवश्यक पर्ने अनुमान गरिए पनि हाल करिब २४ अर्ब डलर मात्र खर्च भइरहेको छ। महासागर संरक्षणमा वार्षिक १६ अर्ब डलर आवश्यक पर्ने भए पनि करिब एक अर्ब ८० करोड डलरमात्र खर्च भइरहेको प्रतिवेदनमा उल्लेख छ।

विश्वका धेरै जैविक विविधतायुक्त क्षेत्र विकासोन्मुख देशमा रहेकाले त्यस्ता देशलाई थप स्रोत आवश्यक रहेको प्रतिवेदनले जनाएको छ। निर्देशक ओ'डोनेलले सरकारहरूले बजेट बढाउनुका साथै जीवाश्म इन्धन र खानी उद्योगजस्ता प्रदूषणकारी क्षेत्रबाट संरक्षणमा योगदान गराउन कानुनी व्यवस्था गर्नुपर्ने बताउनुभयो।

अक्टोबर १९ देखि आर्मेनियाको राजधानी येरेवानमा हुने जैविक विविधता सम्मेलनमा राष्ट्रहरूले ३०३० लक्ष्यतर्फको प्रगति समीक्षा गर्दै लक्ष्य पुनः सही मार्गमा ल्याउने उपायबारे छलफल गर्नेछन्।

# हाकुवासीको पीडा : भूकम्पले उठिबास, बाढीले सर्वनाश

- **रामहरि न्यौपाने**

त्रिशूली (नुवाकोट), ७ असोज । रसुवाको उत्तरगया गाउँपालिका-५ खाल्डे, सातविसे र नौबिसेमा अहिले बस्ती छैन । गोरखा भूकम्पपछि साविक हाकु गाविसका गोगने, तिरुलगायतका स्थानबाट विस्थापित भई सुरक्षित जीवनको आशामा बस्ती विस्तार भएको खाल्डे अहिले त्रिशूली नदीको बगरमा परिणत भएको छ ।



भोटेकोसीको भीषण बाढीले ३०० परिवारको आश्रय मात्र बगाएन, प्रत्येक घरबाट आफ्ना प्रियजन पनि खोसेर लग्यो । बाँचेकाहरू सुरक्षित ठाउँको खोजीमा खाली हात नुवाकोटको विदुर नगरपालिका-५ बाणाचौतारे आइपुगेका छन् ।

प्रारम्भिक तथ्याङ्कअनुसार खाल्डेबाट मात्रै ३१५ जना हराइरहेका छन् । उत्तरगया-१ का अध्यक्ष मारसिंह तामाङका अनुसार वडाका विभिन्न बस्तीबाट हराउनेको सङ्ख्या ४३१ पुगेको छ । त्यहाँका अधिकांश परिवार २०७२ सालको भूकम्पपछि साबिक हाकुका विभिन्न बस्तीबाट विस्थापित भई सुरक्षित जीवनको खोजीमा आएका थिए । भूकम्पले थातथलो खोसेपछि सुरक्षित आश्रय खोजेर बसेका उनीहरूलाई यसपटकको बाढीले पुनः विस्थापित मात्र बनाएन, परिवारका सदस्य, आफन्तजन र जे जति थियो-आफ्नो सबै सम्पत्ति गुमाएका छन् ।

साबिक हाकु गाविसअन्तर्गतका सल्लेटार, मैलुङ, गोगने, तिरु, सुर्चेतखर्क, कर्माराङ लगायतका बस्ती २०७२ सालको भूकम्पबाट नराम्ररी प्रभावित भएका थिए । सरकारी तथ्याङ्कअनुसार गोगने, तिरुलगायतका बस्तीमा ६१ जनाले ज्यान गुमाएका थिए ।

भूकम्पको कारण पहिरोको जोखिम बढेपछि भूगर्भीय अध्ययनबाट हाकु क्षेत्रमा १०१ भन्दा बढी भूकम्पजन्य पहिरो पहिचान गरियो । त्यसपछि जोखिममा रहेका परिवारलाई सुरक्षित स्थानमा सारेर खाल्डेमा बन्दोबस्ती गरिएको थियो तर अहिले खाल्डेसहित आसपासका बस्तीमा परिवारको सदस्य नगुमाएका व्यक्ति भेट्न मुस्किल छ ।

उत्तरगया-१ का पूर्ववडाध्यक्ष बमहादुर तामाङका अनुसार हाकुबाट विस्थापित करिब ३०० घरधुरी खाल्डेमा बस्दै आएका थिए । गत भदौ १० गतेको भीषण बाढीले उनीहरूको आश्रय मात्र होइन, पूरै बस्ती नै बगाइदियो । घर र संरचना बगेपछि अहिले खाल्डेको बस्ती भएको ठाउँमा त्रिशूली नदी बगिरहेको छ ।

उहाँले भन्नुभयो, "भूकम्पमा ज्यान जोगाएर सुरक्षित ठाउँमा बस्न पाइन्छ भनेर हिँडेकालाई अहिलेको बाढीले सर्वस्वनाश गर्‍यो । ३१५ जना सम्पर्कविहीन भएकामध्ये एक जनाको मात्रै शव भेट्टिएको छ । अरूको अवस्था थाहा हुन सकेको छैन । कुनै परिवारमा त घेवा (किरिया) गर्ने पनि बाँकी छैनन् । केही त परिवारका सबै गुमाएर आफू एक्लो मात्रै बाँचेको अवस्था छ ।"

खाल्डेमा बसोबास गर्न बाढीको दृष्टिले जोखिमयुक्त रहेको स्थानीयलाई थाहा थियो तर भूकम्पबाट विस्थापित परिवारसँग तत्काल अर्को विकल्प नभएकाले त्यहीँ अस्थायी टहरा बनाएर बस्नुपरेको पूर्ववडाध्यक्ष तामाङले दाबी छ ।

उहाँले भन्नुभयो, "खाल्डे जोखिमयुक्त ठाउँ हो भन्ने थाहा थियो । त्रिशूलीको किनार भएकाले बस्ती नराखौँ भन्ने कुरा उठाएका थियौँ तर विस्थापित परिवारलाई बस्ने अर्को ठाउँ र सहयोगको व्यवस्था भएन । त्यसैले, भूकम्प पीडितले जस्ताको टहरा बनाएर बस्ती बसाए ।"

भूकम्पपीडितलाई सरकारले घर निर्माणका लागि उपलब्ध गराउने अनुदान र पुनःस्थापनाका क्रममा सुरक्षित स्थानमा बसोबासको विषयमा खाल्डेको विकल्प खोज्न सुझाएको उहाँको जिकिर छ तर स्थानीयको चाहना अनि विभिन्न दबाबका कारण बस्ती निर्माण रोक्न नसकेको उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "त्यतिबेला जोखिमका कारण घर बनाउन रोक्न खोजिएको थियो तर चौतर्फी दबाब आयो । रोक्न सकिएन, लचक हुनुपर्‍यो । अहिले फर्केर हेर्दा त्यतिबेला जोखिमयुक्त ठाउँमा बस्ती बस्न दिनु हुँदैनथ्यो भन्ने लाग्दछ ।"

बाढीले उत्तरगया गाउँपालिका-१ अन्तर्गतको सल्लेटार र मैलुङको पहिचानसँग जोडिएका जलविद्युत् आयोजनासहितका संरचना पनि प्रभावित भएका छन् । भूकम्पका कारण पुरानो थातथलो गुमाएका हाकुवासीले नयाँ ठाउँमा खाल्डे र यस आपासमा बनाएका आश्रय बाढीले बगाएपछि उनीहरू पुनः विस्थापित भएका छन् । पहिला जन्मिएको ठाउँ छाडेर निस्केका उनीहरू अहिले जिल्ला नै छाडेर नुवाकोट आइपुगेका छन । एकसरो कपडामा सुरक्षित स्थानको खोजीमा आएका उनीहरूमध्ये अधिकांशले परिवारका सदस्यमध्ये केहीलाई भोटेकोसी बाढीपछि गुमाउन बाध्य भएका छन् ।

बाढी प्रभावित क्षेत्रमा खोज तथा उद्धार एवम् बेपत्ता व्यक्तिको पहिचानको काम जारी छ । सरकारी विवरणअनुसार बाढीमा परेर ठुलो सङ्ख्यामा मानिस बेपत्ता छन् र शव पहिचान तथा 'डिएनए' परीक्षणको काम पनि भइरहेको छ ।

हाकुबासीका लागि भने यसपटकको बाढी अर्को विपद् मात्र होइन, विस्थापनको अर्को अध्याय बनेको छ । २०७२ सालको भूकम्पले पुर्ख्यौली थातथलोबाट उठिबास बनाएको उनीहरूलाई सुरक्षित जीवनको खोजीमा आएको नयाँ ठाउँ खाल्डेले क्षणभरमै परिवारका सदस्यसहित सर्वस्व खोसिदिएको छ ।

भूकम्पले घरबास खोस्यो, पहिरोले थातथलो असुरक्षित बनायो र बाढीले आश्रयसमेत खोस्यो । नयाँ आश्रयको खोजीमा नुवाकोट आइपुगेका हाकुवासीसँग अहिले आफन्तको खोजी, बाढीले बगाएको घरको सम्झना र फेरि सुरक्षित ठाउँमा जीवन कहाँ र कसरी सुरु गर्ने भन्ने अन्योलता मात्र बाँकी छ । ***रासस***

# कृषि उत्पादनसँगै नयाँ जात र प्रविधिको परीक्षणमा जोड

- **सनम सुवाल**

बनेपा (काभ्रे), ७ असोज । काभ्रेपलाञ्चोकको पाँचखालमा कृषि उत्पादनसँगै नयाँ जात र प्रविधिको परीक्षण भइरहेको छ । पाँचखालस्थित बागवानी विकास केन्द्रले हाइब्रिड धान, आलु, तरकारी तथा मसला बालीका विभिन्न जात र प्रविधिको परीक्षण गर्दै उत्पादन, लागत, बजार र कृषकको आम्दानीसँग सम्बन्धित तथ्य सङ्कलन तथा विश्लेषण गर्दै आएको छ ।

बागमती प्रदेश सरकारअन्तर्गत कृषि विकास निर्देशनालयको मातहतमा रहेको केन्द्रले आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रगति समीक्षा तथा चालु आव २०८३/८४ को कार्यक्रम सार्वजनिक गर्दै कृषि अनुसन्धान, प्रविधि परीक्षण, बीउ उत्पादन तथा कृषक क्षमता विकासका क्षेत्रमा भएका काम र प्राप्त नतिजा सार्वजनिक गरेको हो । केन्द्रको वार्षिक प्रगति विवरणअनुसार आव २०८२/८३ मा रु. दुई करोड २४ लाख २२ हजार बजेट विनियोजन भएकामा रु. एक करोड ७८ लाख ९८ हजार खर्च भएको छ । यसबाट वित्तीय प्रगति ७९ दशमलव ८२ प्रतिशत पुगेको छ । पुँजीगततर्फ ९८ दशमलव ६९ प्रतिशत र चालुतर्फ ७७ दशमलव ४३ प्रतिशत वित्तीय प्रगति भएको केन्द्रले जनाएको छ ।

केन्द्रले आफ्नै उत्पादन तथा सेवा बिक्रीबाट समीक्षा अवधिमा रु. ६९ लाख ३१ हजार २०३ रूपैयाँ ५० पैसा राजस्व सङ्कलन गरेको छ । केन्द्रका प्रमुख तथा वरिष्ठ बागवानी विकास अधिकृत विष्णु बोगटीका अनुसार अनुसन्धान तथा प्रविधि परीक्षणलाई कृषकको उत्पादन र व्यावसायिक आवश्यकतासँग जोड्ने गरी कार्यक्रम सञ्चालन गरिएको छ । केन्द्रको परीक्षणमा राष्ट्रिय धानबाली अनुसन्धान कार्यक्रम, हार्दिनाथबाट प्राप्त १० वटा पाइपलाइन हाइब्रिड धानका जातमध्ये नेपाली हाइब्रिड धान 'एचएच-१४२' ले पाँचखालको माटो र हावापानीमा प्रतिहेक्टर १० टनसम्म उत्पादन दिएको छ । विभिन्न जातको परीक्षणका क्रममा उक्त जातले उच्च उत्पादन दिएको केन्द्रका प्रमुख बोगटीले बताउनुभयो ।

धानको बीउ उत्पादनतर्फ केन्द्रले ५ दशमलव ८ मेट्रिक टन गुणस्तरीय बीउ उत्पादन गरी वितरण गरेको छ । उक्त बीउबाट करिव ११६ हेक्टर क्षेत्रफलमा धान खेती विस्तार गर्न सहयोग पुगेको केन्द्रले जनाएको छ ।



स्थानीय हावापानी अनुकूल उत्पादन क्षमता भएका जात पहिचान गरी कृषकसम्म पुर्‍याउने उद्देश्यले विभिन्न जातको परीक्षण गरिएको केन्द्रको भनाइ छ । धान उत्पादनसँगै मकैमा श्रम र समय घटाउने प्रविधिको परीक्षण गरिएको छ । केन्द्रले नर्सरीमा मकैका बिरुवा उत्पादन गरी उपयुक्त समयमा मुख्य खेतमा रोप्ने विधि परीक्षण गरेको हो । परीक्षणका क्रममा यसरी उत्पादन गरिएको हरियो मकै सामान्य समयभन्दा आठदेखि १० दिन अगाडि बजारमा पुर्‍याउन सकिएको केन्द्रले जनाएको छ ।

हरियो मकैको माग हुने समयमा उत्पादन बजारमा पुर्‍याउन सकिने भएकाले यस प्रविधिबाट उत्पादनको समय व्यवस्थापनमा सहयोग पुग्ने केन्द्रको निष्कर्ष छ । यसले उत्पादन प्रविधिलाई बजारको मागसँग जोडेर परीक्षण गर्ने केन्द्रको अभ्यासलाई समेत देखाएको छ । तरकारीतर्फ टनेल तथा सेडहाउसमा बेर्ना उत्पादन गरिएको छ । केन्द्रका अनुसार समीक्षा अवधिमा पाँच लाख ७० हजार तरकारीका बिरुवा उत्पादन गरी १७ हेक्टर क्षेत्रफलमा खेती विस्तार गर्न सहयोग गरिएको छ । गुणस्तरीय बेर्ना उत्पादन तथा वितरणबाट कृषकलाई खेतीको सुरुआती चरणमा हुने समस्या घटाउन सहयोग पुगेको केन्द्रले जनाएको छ ।

पाँचखालमा गरिएको आलुको जातगत आर्थिक विश्लेषणले भने उत्पादनसँगै लागत र बजार मूल्यले कृषकको आम्दानीमा पार्ने प्रभावसमेत देखाएको छ । केन्द्रको अध्ययनअनुसार पाँचखाल क्षेत्रमा प्रतिरोपनी औसत एक हजार ९८३ किलोग्राम आलु उत्पादन हुने गरेको छ । प्रतिरोपनी औसत उत्पादन लागत रु. २२ हजार ३६० रूपैयाँ चार पैसा रहेको अध्ययनले देखाएको छ । अध्ययनअनुसार आलु खेतीको कुल लागत संरचनामा श्रमको हिस्सा २९ दशमलव ८५ प्रतिशत र बीउ आलुको लागत २४ दशमलव ९५ प्रतिशत रहेको छ । यी दुई शीर्षकमा मात्रै कुल लागतको करिब ५५ प्रतिशत खर्च हुने गरेको देखिएको छ । केन्द्रले आलु खेतीमा उत्पादन लागत घटाउन श्रम व्यवस्थापन र बीउको लागत महत्त्वपूर्ण हुने जनाएको छ ।

एउटै बालीभित्र पनि जातअनुसार उत्पादन, लागत र बजार मूल्यमा हुने फरकले कृषकको आम्दानीमा प्रत्यक्ष प्रभाव पार्ने देखाएको केन्द्रको अध्ययनले जनाएको छ । त्यसैले उत्पादन मात्र नभई जात छनोट र बजार मूल्यलाई समेत कृषि व्यवसायको आर्थिक विश्लेषणमा समेटिएको केन्द्रको भनाइ छ । केन्द्रले आलुको बीउको सुप्त अवस्था तोडेर छिटो टुसाउने बनाउन थाइयोयुरियाको प्रयोगसम्बन्धी परीक्षणसमेत गरेको छ । सामान्य अवस्थामा आलु खनेपछि टुसाउन १९ दशमलव ५ दिन लाग्नेमा १ दशमलव ५ प्रतिशत थाइयोयुरियाको घोलबाट उपचार गर्दा उक्त अवधि ६ दशमलव ५ देखि आठ दिनमा झरेको परीक्षणबाट देखिएको छ । यसबाट बीउ आलु रोप्ने समय व्यवस्थापनमा सहयोग पुग्ने केन्द्रको निष्कर्ष छ ।

मसला बालीतर्फ बेसारमा प्लास्टिक मल्चिङ प्रविधिको परीक्षण गरिएको थियो । पाँचखालको स्थानीय माटो तथा हावापानीमा गरिएको परीक्षणमा उक्त प्रविधि कृषकका लागि अपेक्षित प्रभावकारी नदेखिएको केन्द्रका सूचना अधिकारी तथा बागवानी विकास अधिकृत उमेश सापकोटाले जानकारी दिनुभयो । स्थानीय अवस्था र उत्पादन प्रणालीअनुसार प्रविधि छनोट गर्नुपर्ने आवश्यकता परीक्षणबाट देखिएको उहाँको भनाइ छ ।

केन्द्रले फलफूल तथा मसला बालीका स्रोत संरक्षण र बीउ उत्पादनमा समेत काम गरेको छ । सुन्तलाजात फलफूलअन्तर्गत सुनकागती-१ र २, तेह्रथुम लोकल, उन्सु तथा किन्नोका माउबोट व्यवस्थापन गरिएको छ । त्यस्तै, कफीका मुन्दोनोभा, टेक्स्टिसिक, स्वाइजा लोकल, इन्डोनेसिया, सेलेक्सन-१०, गुल्मी लोकल, कातुआई अमार्टिलो र चन्द्रागिरीलगायत जातका माउबोट व्यवस्थापन गरिएको केन्द्रले जनाएको छ । मसला बालीतर्फ ४ दशमलव ८ मेट्रिक टन बेसारको बीउ उत्पादन गरी करिब २ दशमलव ५ हेक्टर क्षेत्रफलमा व्यावसायिक खेती विस्तार गर्न सहयोग गरिएको छ ।

कृषकको क्षमता विकासका लागि केन्द्रले तीन वटा घुम्ती तालिम सञ्चालन गरी ७० जना कृषकलाई सहभागी गराएको छ । तालिममा कृषकलाई उत्पादन प्रविधि, बाली व्यवस्थापन तथा प्रयोगात्मक सीपसम्बन्धी जानकारी दिइएको केन्द्रले जनाएको छ । परीक्षणबाट सफल भएका प्रविधि तथा जातलाई कृषकसम्म पुर्‍याउने र अपेक्षित परिणाम नदिएका प्रविधिबारे समेत जानकारी गराउने गरी केन्द्रले काम गरिरहेको केन्द्रका प्रमुख बोगटीले बताउनुभयो । ***रासस***

# पत्रकारितामा एआईको प्रयोगसम्बन्धी पाँचदिने तालिम सम्पन्न

भक्तपुर, ७ असोज 'मजदुर' दैनिक र 'श्रमिक' साप्ताहिकको संयुक्त आयोजनामा भएको 'पत्रकारिता र कृत्रिम बुद्धिमत्ता' विषयक पाँचदिने आधारभूत तालिमको समापन कार्यक्रम बुधबार एक समारोहबिच सम्पन्न भयो ।

उक्त कार्यक्रममा देश र जनतामा समर्पित विचारप्रधान 'श्रमिक' साप्ताहिकका प्रकाशक सरोजराज गोसाईंले समयअनुसार नयाँ नयाँ प्रविधि र ज्ञान सिक्नुपर्ने आवश्यकता औंल्याउँदै समाचारलाई छोटो, मिठो र प्रभावकारी बनाउन कृत्रिम बुद्धिमत्ता (एआई) प्रविधि उपयुक्त भए पनि समाचार सही वा गलत के हो भन्ने परीक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

हरेक नागरिकले आ-आफ्नो क्षमता, बुद्धि र ज्ञानको दायरा फराकिलो बनाउनुपर्ने विचार व्यक्त गर्दै उहाँले आफ्नो पदीय दायित्व र जिम्मेवारी भुल्न नहुने बताउनुभयो ।

मानिसले एआईलाई पनि आफ्नो अधीनमा राख्नुपर्ने कुरामा जोड दिँदै उहाँले गोपनीयताबारे संवेदनशील हुनुपर्नेमा जोड दिनुभयो ।

तालिमका संयोजक योगेन्द्रमान बिजुक्छेंले पत्रकारितासम्बन्धी आधारभूत ज्ञानसँगै प्राविधिक पक्ष पनि सिक्नुपर्नेमा जोड दिँदै एआईको अधिकतम प्रयोग गर्ने तर अन्धभक्त भएर उपयोग गर्न नहुनेतर्फ सचेत गराउनुभयो ।

पत्रिकालाई आकर्षक बनाउन तथा गहन विषयलाई सहज बनाउन एआईले सहयोग गर्ने धारणा व्यक्त गर्दै उहाँले पत्रकारितालाई अझ व्यवस्थित र परिष्कृत बनाउन एआईले टेवा पुऱ्याउने बताउनुभयो ।

प्रशिक्षार्थीका तर्फबाट सुरेश परियारले एआई शिक्षक, विद्यार्थी र पत्रकारका निम्ति उपयोगी भएको बताउनुभयो ।

तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई अतिथि सरोजराज गोसाईंले प्रमाणपत्र प्रदान गर्नुभएको थियो ।

तालिम श्रीराम कासिछ्वाले दिनुभएको थियो ।

# चिनियाँ राष्ट्रपति सीको वासिङ्टन भ्रमण सुरु

वासिङ्टन, ७ असोज (एपी) । चिनियाँ राष्ट्रपति सी जिनपिङले बुधबार अमेरिकाको तीनदिने राजकीय भ्रमण सुरु गर्नुभएको छ । उहाँलाई अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले वासिङ्टन बाहिरको ज्वाइन्ट बेस एन्ड्र्युजमा विमानस्थलमै पुगेर स्वागत गरेका छन् ।

भ्रमणका क्रममा व्यापार, कृत्रिम बौद्धिकता, दुर्लभ खनिज, इरान र ताइवानलगायत विषयमा दुई नेताबिच छलफल हुने अपेक्षा गरिएको छ । व्यापार तथा अन्य विषयमा मतभेद कायमै रहे पनि भ्रमणलाई अमेरिका-चीन सम्बन्धमा संवाद र रणनीतिक स्थिरता कायम गर्ने प्रयासका रूपमा हेरिएको छ ।

बिहीबार ह्वाइट हाउसमा औपचारिक स्वागत समारोह, सैन्य सम्मान तथा राजकीय रात्रिभोज आयोजना हुनेछ । रात्रिभोजमा प्रविधि क्षेत्रका प्रमुख व्यक्तित्व सहभागी हुनेछन् । शुक्रबार सी र उहाँकी श्रीमती पेङ लियुआनले ट्रम्प तथा प्रथम महिला मेलानिया ट्रम्पसँग चिया भेट गर्नुका साथै राष्ट्रिय अभिलेखालयको भ्रमण गर्नुहुनेछ ।

अमेरिकी सिनेटको सशस्त्र सेवा समितिका रिपब्लिकन अध्यक्ष रोजर विकरले भने सीलाई दिइएको भव्य स्वागतप्रति असहमति जनाउनुभएको छ । उहाँले चीनको सैन्य विस्तार र इरानप्रतिको चीनको समर्थनलगायत विषयमा वार्ताका क्रममा ध्यान दिनुपर्ने बताउनुभयो ।

# प्रमुख प्रशासकीय अधिकृत जमुना मिश्रलाई भक्तपुर नगरपालिकामा स्वागत



भक्तपुर, ७ असोज । भक्तपुर नगरपालिकामा सरुवा भई आउनुभएकी प्रमुख प्रशासकीय अधिकृत जमुना मिश्रलाई बुधबार स्वागत तथा परिचयात्मक कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रमुख प्रशासकीय अधिकृत मिश्रलाई पुष्पगुच्छा, खादा तथा परम्परागत थैली प्रदान गरी स्वागत गर्नुभयो । प्रमुख प्रजापतिले जनप्रतिनिधि, कर्मचारी तथा सम्पूर्ण नगरपालिकाको तर्फबाट प्रमुख प्रशासकीय अधिकृत मिश्रलाई स्वागत गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभयो ।

उहाँले नगरपालिकाबाट दैनिक प्रवाह हुने सेवाहरूलाई चुस्त र प्रभावकारी बनाउनुपर्नेमा जोड दिँदै पालिकाको काम सबैको सहयोग र सहकार्यमार्फत अघि बढाउनुपर्ने बताउनुभयो । जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरू आ-आफ्नो जिम्मेवारीप्रति उत्तरदायी भई काम गर्नुपर्ने उल्लेख गर्दै उहाँले यही नै सुशासनको आधार भएको बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले आफ्नो पदीय जिम्मेवारीअनुसार इमानदारीपूर्वक काम गर्नु सुशासनको महत्त्वपूर्ण पक्ष भएको बताउँदै भक्तपुर नगरपालिकाले कानुनी पक्षलाई ध्यान दिँदै आवश्यकताअनुसार कानुन निर्माण गरी काम गर्दै आएको उल्लेख गर्नुभयो । प्रमुख पदमा रहने व्यक्तिहरू अनुशासनमा रहनुपर्नेमा जोड दिँदै उहाँले नगरपालिकाले विदेशी सहयोग स्वीकार नगरी आत्मनिर्भर भावनाको विकास गर्दै काम गरिरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले स्वागत मन्तव्य व्यक्त गर्दै महिला प्रमुख प्रशासकीय अधिकृतलाई स्वागत गर्न पाउँदा खुसी लागेको बताउनुभयो । उहाँले भक्तपुर नगरपालिकालाई अझ अगाडि बढाउने क्रममा प्रमुख प्रशासकीय अधिकृत मिश्रसँग सहकार्य गर्दै अघि बढ्ने बताउनुभयो ।

प्रमुख प्रशासकीय अधिकृत जमुना मिश्रले आफू उपसचिव पदमा कार्यरत रहेको र सेवाकालीन तालिमका कारण भक्तपुर आउन केही ढिलाइ भएको बताउनुभयो । उहाँले नगर विकास र नगरवासीको सेवामा आफ्नो जिम्मेवारीलाई आत्मसात् गर्दै अघि बढ्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

जनप्रतिनिधिहरूको मार्गनिर्देशनअनुसार काम गर्ने बताउँदै उहाँले कर्मचारीहरूसँग समन्वय र सहकार्य गरी नगरपालिकाको कामलाई प्रभावकारी रूपमा अघि बढाउने उल्लेख गर्नुभयो । स्थानीय तहमा आफ्नो कार्य अनुभव पहिलो भएको बताउँदै उहाँले यहाँका जनप्रतिनिधि तथा कर्मचारीहरूको मार्गनिर्देशनलाई सिकाइका रूपमा ग्रहण गर्दै अघि बढ्ने बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नगरपालिका कार्यपालिका सदस्य तथा विभिन्न शाखाका प्रमुखहरूको उपस्थिति रहेको थियो । सो अवसरमा नगरपालिकाका तर्फबाट प्रमुख प्रशासकीय अधिकृत मिश्रलाई नपाका प्रकाशनहरू उपहारस्वरूप प्रदान गरिएको थियो ।

"आर्थिक समृद्धिका लागि बाराही सहकारी"
श्री बाराही बचत तथा ऋण सहकारी संस्था लि.
Shree Barahi Saving & Credit Co-operative Society Ltd.
ACCESS BRONZE
भुलाँचा-४, भक्तपुर, फोन नं. ६६११३६४

आदरणीय सदस्य महानुभावहरूमा अनुरोध

यस संस्थामा आबद्ध सदस्यहरूले बचत गर्नुपर्ने नियमित मासिक बचत नगरेका सदस्यहरू एवं ऋण उपभोग गरी २०८३ असारसम्म ऋणको ब्याज तिर्न बुझाउन बाँकी ऋणी सदस्यहरूले २०८३ असोज १२ गतेभित्र नियमित बचत र ऋणको तिर्न बुझाउनु पर्ने रकम भुक्तानी गर्नुहुन हार्दिक अनुरोध गर्दछ । उक्त समयभित्र नियमित बचत र ऋणको तिर्न बुझाउनु पर्ने ब्याज रकम नबुझाउने सदस्यहरूलाई २०८३ असोज १७ गते हुने २७ औं वार्षिक साधारणसभामा उपस्थितिबापत दिइने खाजा खर्च वितरण नगरिने व्यहोरा जानकारी गराइन्छ ।

अनुरोधक
सञ्चालक समिति

पितृदेव स्वधा:

हार्दिक कृतज्ञता



जन्म
२०४४/०७/१७

स्वर्गारोहण
२०८३/०४/२६

हाम्री स्नेही छोरी **सबिना सुवाल** स्वर्गारोहण हुनुभएको आज ४५ औं दिनको पुण्यतिथिमा उहाँको दिवङ्गत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दु:खद घडीमा हामीप्रति सहानुभूति तथा समवेदना व्यक्त गर्नुहुने समस्त नातागोता, इष्टमित्र, आफन्तजन एवं शुभचिन्तकहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं ।

**बुबा/आमा**
कृष्णगोविन्द सुवाल/कृष्णलक्ष्मी सुवाल

**ठूलो बुबा/आमा**
विश्वराम सुवाल/रत्नमाया सुवाल

**काका/काकी**
कुमार सुवाल/कान्छी सुवाल

**दाइ/भाउजू**
सगुन सुवाल/जया थिके सुवाल
सचिन सुवाल/रोजिना श्रेष्ठ सुवाल
सुजित सुवाल

**भाइ/बुहारी**
सुशील सुवाल/रश्मीला सुवाल
सुदिप सुवाल/प्रतिक्षा श्रेष्ठ सुवाल

**भान्जा/भान्जी**
श्रेया सुवाल
जयदन सुवाल
लियम सुवाल
लीयाना सुवाल
सनरित सुवाल

**तथा सम्पूर्ण सुवाल परिवार**

# 'यम: द्यो' ठड्याएर भक्तपुरमा इन्द्रजात्रा सुरु

भक्तपुर, ७ असोज । परम्परागत इन्द्रजात्रा बुधबारदेखि यहाँ सुरु भएको छ । यहाँका टोल-टोलमा इन्द्रको मूर्तिस्वरूप यम:द्यो ठड्याइएको छ ।

संस्कृतिकर्मी सोमनाथ जोशीका अनुसार देवराज इन्द्रकी आमा वसुन्धरालाई भाद्र शुक्ल चौथीका दिन व्रत बस्न पारिजातको फूलको आवश्यकता भएकाले छोरा जयन्तलाई उक्त फूल खोज्न पठाइयो ।

पारिजात खोज्ने क्रममा इन्द्रपुत्र जयन्तलाई दैत्यहरूले पारिजात फूल टिप्दै गरेको बेला पक्राउ गरे । जयन्तलाई छुटाउन देवता र दैत्यहरूबिच भएको युद्धमा देवताको जीत भएको खुसीयालीमा इन्द्रजात्रा मनाउन थालिएको आएको किंवदन्ती रहेको उहाँले जानकारी दिनुभयो ।

पूजाआजासहित बुधबार भक्तपुरको इताछें, तेखापुखु, वंशगोपाल, नासमना, बुलुचा, साकोठा, भोलाछें, महालक्ष्मी, नागपोखरी, गछें, सुजम्हरी, खौमा, इताछेंलगायत टोलमा 'यम:द्यो' ठड्याइएको छ । यो जात्रा भक्तपुरमा आठ दिनसम्म मनाइन्छ । *रासस*

हुलाक सेवा: नागरिकको विश्वास

- हुलाक सेवाको इतिहास, महत्व र योगदानको सम्मान गरौं,
- दुर्गम तथा ग्रामीण क्षेत्रमा समेत भरपर्दो हुलाक सेवा विस्तारमा सहयोग गरौं,
- हुलाक सेवालाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग जोड्दै प्रभावकारी बनाऔं,
- हुलाकमार्फत उपलब्ध सेवा तथा सुविधाको प्रयोग तथा सही सदुपयोग गरौं,
- चिठीपत्र, पार्सल तथा अन्य सामग्री पठाउँदा सही विवरण र सुरक्षित प्याकेजिङमा ध्यान दिऔं,
- हुलाक सेवाको डिजिटल रुपान्तरण र आधुनिकीकरणलाई प्रोत्साहन गरौं,
- हुलाक सम्पदा तथा ऐतिहासिक महत्वका सामग्रीको संरक्षण गरौं,
- आधुनिक हुलाक सेवा अपनाऔं, सेवा प्रवाहलाई प्रभावकारी बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**कार्की....**

मालीगाउँ र ठिमीमा झैं प्रतिकार गर्न डटेर बसेको भए ठाउँ ठाउँमा प्रदर्शनकारीहरू प्रहरीसँग एकीकृत भई ठूला आक्रमण गर्न भेला हुने अवसर र हौसला बढ्न सक्ने अवस्था नरहने र भदौ २४ गतेजस्तो सुरक्षा शून्यता कम हुन गई हातहतियार नलुटिने, थुनुवाहरू छोडेर उत्पन्न समस्या पनि नहुन सक्ने र राज्यले शान्ति सुरक्षाको केही हदसम्म नागरिकलाई अनुभूति गराउन सफल हुने अवस्था रहन्थ्यो । प्रदर्शनकारीहरूले प्रहरी कार्यालयमा आक्रमण गरेको भए प्रहरीले अन्तिम बल प्रयोग गरेको विषयमा पनि भदौ २३ गते जस्तो आरोप नलाग्ने, बरू प्रहरी कार्यालयमा आक्रमण गर्न जानेविरूद्ध प्रहरीले गरेको कामलाई कानुनी र नागरिकस्तरबाट पनि समर्थन हुने सम्भावना रहन्थ्यो ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकबु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा